सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

प्रबन्धपत्र
र
नियमावली

Citizens® Bank International Ltd.
सिटिजन्स बैंक इन्टरनेसनल लि.
YOUR PARTNER FOR PROGRESS

कम्पनी अध्यादेश, २०६२ अन्तर्गत संस्थापित
सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
प्रबन्धपत्र

१. **कम्पनीको नाम** : यस कम्पनीको नाम "सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा Citizens Bank International Limited भनिनेछ, जसलाई यस पछि "बैंक" भनिएको छ ।

२. **बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना** : (१)[१] यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय वागमती अञ्चल काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं.१, नाराणहिटी पथमा रहनेछ ।

(२)[२].....

३. **बैंकको मुख्य उद्देश्य** : (१) नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, कम्पनी कानून तथा अन्य प्रचलित नेपाल कानूनको अधीनमा रही वित्तीय कारोवार (बैंकिङ्ग व्यवसाय) गर्ने यस बैंकको मुख्य उद्देश्यहरू देहाय बमोजिम हुनेछ :-

(क) बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्वर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,

(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रूपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,

(ग) उपलब्ध सीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रबर्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रूपमा संलग्न भई सहयोग पुऱ्याउने, र

(घ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

(२) बैंकले उपदफा (१) बमोजिमको उद्देश्य प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त गरी मात्र कार्यान्वयन गरिनेछ ।

(३) उपदफा (१) मा उल्लेखित उद्देश्यहरुको सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र दिन भित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कार्यालयमा पेश गरिने छ ।

---

१. दशौं संशोधनबाट संशोधित । संशोधन पहिले "(१)यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय वागमती अञ्चल काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं.३१ मा रहनेछ ।"

२. दशौं संशोधनवाट हटाईएको । संशोधन पहिले "(२) यस बैंकको कारोबार गर्ने स्थान नेपाल अधिराज्यको वागमती अञ्चल काठमाण्ठौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं.३१ मा रहनेछ र आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिनेछ ।"

४. **<u>बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरू</u> :** यस बैंकले दफा ३ बमोजिमको उद्देश्य हासिल गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६२ को दफा ४७ को उपदफा (१) बमोजिम "क" वर्गको इजाजतपत्र प्राप्त संस्थाको रूपमा रही सो अध्यादेश, कम्पनी कानून तथा अन्य प्रचलित नेपाल कानूनको अधीनमा रही देहाय बमोजिमका कार्यहरू गर्न सक्नेछ :-

(क) बैंकलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने ।

(ख) बैंकलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाको शर्तहरु निर्धारण गर्ने ।

(ग) बैंकमा लगानी भएको शेयरको रकम तथा त्यसबाट आर्जित रकम बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गर्ने ।

(घ) बैंकलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट धितो राखी वा नराखी कर्जा लिने ।

(ङ) बैंकको नामबाट शेयर तथा डिवेन्चर खरीद गर्न तथा त्यसलाई बिक्री गर्न सक्ने ।

(च) ब्याज वा बिना ब्याजमा निक्षेप स्वीकार गर्ने तथा त्यस्तो निक्षेपको भुक्तानी दिने ।

(छ) नेपाल राष्ट्र बैंकले तोकिदिए बमोजिम कर्जा दिने ।

(ज) प्रचलित नेपाल कानूनको अधीनमा रही विदेशी विनिमय कारोबार गर्ने ।

(झ) हायर पर्चेज, हाइपोथिकेशन, लिजिङ्ग, हाउसिङ्ग, तथा औद्योगिक, व्यापारिक तथा सेवा व्यवसायको लागि विभिन्न कर्जाहरु दिने ।

(ञ) नेपाल राष्ट्र बैंकले दिएको निर्देशनको अधीनमा रही मर्चेण्ट बैंकिङ्ग कारोबार गर्ने ।

(ट) अन्य इजाजतपत्र प्राप्त संस्थासंग मिली सहवित्तीयकरणको आधारमा धितो विभाजन (पारीपासु) गर्ने गरी आपसमा भएको सम्झौता अनुसार संयुक्त रुपमा कर्जा दिने दिलाउने व्यवस्था गर्ने ।

(ठ) आफ्नो ग्राहकको तर्फबाट जमानतपत्र जारी गर्ने र सो वापत ग्राहकसंग आवश्यक शर्त गराउने, सुरक्षण लिने, निजको चल अचल सम्पत्ति धितोबन्धक लिने वा तेस्रो व्यक्तिको जेथा जमानत लिने ।

(ड) स्वदेशी वा विदेशी बैंक वा वित्तीय संस्थाको जमानतमा कर्जा दिने ।

(ढ) प्रतीत-पत्र, विनिमयपत्र, प्रतिज्ञापत्र, चेक, यात्रुचेक, ड्राफ्ट वा अन्य वित्तीय उपकरण निष्काशन गर्ने, स्वीकार गर्ने, भुक्तानी दिने, डिस्काउण्ट गर्ने वा खरिद बिक्री गर्ने ।

(ण) नेपाल राष्ट्र बैंकले दिएको निर्देशनको अधीनमा रही टेलिफोन, टेलेक्स, फ्याक्स, कम्प्युटर वा म्याग्नेटिक टेप वा अन्य त्यस्तै प्रकारका विद्युतीय उपकरण वा साधनको माध्यमबाट निक्षेप लिने, भुक्तानी दिने, रकमान्तर गर्ने ।

(त) नेपाल राष्ट्र बैंकले दिएको निर्देशनको अधीनमा रही क्रेडिट कार्ड, डेविट कार्ड, चार्ज कार्ड लगायतका अन्य वित्तीय उपकरणहरु जारी गर्ने, स्वीकार गर्ने र सो सम्बन्धी कार्य गर्न एजेण्ट नियुक्त गर्ने ।

(थ) अटोमेटेड टेलर मेशिन र क्यास डिस्पेन्सिङ्ग मेशिनको माध्यमबाट निक्षेप लिने, भुक्तानी दिने र कर्जा दिने ।

(द) आफूले पत्याएको व्यक्तिलाई अधिविकर्ष कर्जा दिने ।

(ध) आफूकहाँ पहिले नै धितो रहिसकेको चल अचल सम्पत्तिको मूल्यले खामेसम्मको रकम पुनः एकैपटक वा पटकपटक गरी कर्जा दिने वा अन्य इजाजतपत्र प्राप्त संस्थामा धितो रहिसकेको चल अचल सम्पत्तिको पुनः धितोमा त्यसको मूल्यले खामेसम्मको रकम पुनः एकैपटक वा पटकपटक गरी कर्जा दिने ।

(न) नेपाल राष्ट्र बैंकले तोकेको शर्तमा राष्ट्र बैंकको एजेण्ट भई नेपाल सरकारको तर्फबाट सरकारी कारोबार लगायत अन्य कारोबार गर्ने ।

(प) नेपाल अधिराज्यभित्र वा विदेशमा विनिमयपत्र, चेक वा अन्य वित्तीय उपकरणद्वारा रकम पठाउने वा चलान गर्ने, सुन, चाँदी, शेयर, डिबेन्चर, बण्ड आदि खरिद बिक्री गर्ने र शेयरको लाभांश तथा प्रतिज्ञापत्र, डिबेन्चर, बण्ड आदिको ब्याज असुलउपर गर्ने ।

(फ) ग्राहकको निमित्त कमिशन एजेण्ट भई शेयर, डिबेन्चर वा सुरक्षणको जिम्मा लिने, खरिद बिक्री गरिदिने, शेयरको लाभांश, डिबेन्चर वा सुरक्षणको ब्याज आदि उठाई दिने र सो को लाभांश, मुनाफा वा ब्याज नेपाल अधिराज्यभित्र वा विदेशमा समेत पठाउने ।

(ब) नेपाल सरकार वा राष्ट्र बैंकले जारी गरेको ऋणपत्र खरिद बिक्री गर्ने वा सकार गर्ने ।

(भ) सेफ डिपोजिट भल्टको व्यवस्था गर्ने ।

(म) नेपाल राष्ट्र बैंकले तोकिदिएको शर्तमा वासलात बाहिरको कारोबार गर्ने ।

(य) विपन्न वर्ग, न्यून आय भएका परिवार, दैवी प्रकोप पीडित तथा देशको कुनै क्षेत्रका बासिन्दाको आर्थिक उत्थानको लागि व्यक्तिगत वा सामुहिक जमानीमा राष्ट्र बैंकले तोके बमोजिमको रकमसम्म कर्जा दिने ।

(र) आफू तथा अन्य इजाजतपत्र प्राप्त संस्थाबाट कर्जा लिने ऋणी वा ग्राहकको विवरण, सूचना वा जानकारी नेपाल राष्ट्र बैंक वा कुनै अन्य इजाजतपत्र प्राप्त संस्था बीच लिने दिने ।

(ल) अन्य कुनै इजाजतपत्र प्राप्त संस्थाबाट आफ्नो ग्राहकलाई कर्जा उपलब्ध गराउन जमानी बस्ने ।

(व) नेपाल राष्ट्र बैंकले तोकिदिएको सीमा भित्र रही शेयर, डिबेन्चर, बण्ड, ऋणपत्र, बचतपत्र, वा अन्य वित्तीय उपकरणको माध्यमबाट पूँजी परिचालन गर्ने ।

(श) आवश्यकतानुसार नेपाल राष्ट्र बैंकबाट पुनर्कर्जा लिने वा अन्य इजाजतपत्र प्राप्त संस्थाबाट कर्जा लिने दिने ।

(ष) परियोजना स्थापना, संचालन र मूल्याङ्कन सम्बन्धी अध्ययन, अनुसन्धान, सर्वेक्षण गर्ने गराउने तथा तालीम, परामर्श र अन्य जानकारी उपलब्ध गराउने ।

(स) परियोजनाको प्रवर्द्धनका लागि नेपाल सरकार वा अन्य स्वदेशी वा विदेशी निकायबाट प्राप्त भएको रकम कर्जाको रुपमा प्रवाह गर्ने वा कर्जाको व्यवस्थापन गर्ने ।

(ह) कुनै व्यक्ति वा संस्थालाई कर्जा दिंदा वा निजसंग कुनै कारोबार गर्दा आफ्नो हितको संरक्षणका लागि आवश्यकता अनुसार शर्त गराउने ।

(क्ष) आफ्नो चल अचल जायजेथा धितो राखी कर्जा लिने ।

(त्र) सञ्चालक समितिले बनाएको विनियमको अधीनमा रही कर्जा अपलेखन गर्ने ।

(ज्ञ) आफ्नो जायजेथाको उचित प्रबन्ध वा बिक्री गर्ने ।

(कक) प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनमा तोकिएका अन्य कामहरु गर्ने ।

(कख) नेपाल राष्ट्र बैंकले तोकेका अन्य काम गर्ने ।

(कग)[३] नेपाल राष्ट्र बैंकले दिएको निर्देशनको अधिनमा रहि संगठित संस्थाहरुको शेयर तथा डिवेञ्चर/वण्डमा लगानी गर्ने ।

(कघ)[४] जीवन बीमा कम्पनीको कर्पोरेट एजेन्सी (अभिकर्ता) भई कार्य गर्ने ।

(कङ)[५] आफ्ना ग्राहकको लागि मात्र निर्जीवन बीमा कम्पनीको कर्पोरेट एजेन्सी (अभिकर्ता) भई कार्य गर्ने ।

(कच)[६] प्रचलित कानुनको अधिनमा रही धितोपत्र बोर्डबाट इजाजत प्राप्त गरी सार्वजनिक निश्कासन गरिएका कम्पनीहरुको धितोपत्र दरखास्त संकलन सम्बन्धी (Application Supported by Blocked Amount) कामहरु गर्ने ।

(कछ)[७] प्रचलित कानुनको अधिनमा रही पूँजी संरचना परिवर्तनका कारणले थप शेयर जारी गर्न परेमा सम्बन्धित निकायबाट स्वीकृति लिई थप सार्वजानिक निष्काशन (FPO) गर्ने ।

(कज)[७] प्रचलित धितोपत्र सम्बन्धी ऐन, नियम र कानुनी व्यवस्था तथा विद्यमान नीतिगत व्यवस्थाको अधिनमा रही छुट्टै सहायक कम्पनी मार्फत नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई धितोपत्र व्यवसाय सम्बन्धी कार्य गर्ने ।

(कझ)[७] प्रचलित कानुनको अधिनमा रही सम्बन्धीत निकायको स्वीकृति लिई संचालक समितिले आवश्यकता अनुसार बण्ड, ऋणपत्र, अग्राधिकार शेयर जारी गरि पूँजी परिचालन गर्ने ।

५. <u>बैंकको पूंजीको संरचना:</u> वैंकको पूंजीको संरचना देहाय बमोजिम हुनेछ :

(क)[८] बैंकको अधिकृत पूँजी रु.२२,००,००,००,०००/- (अक्षरेपि रुपैयाँ बाइस अर्ब) हुनेछ । सो पूंजीलाई रु.१००/- का दरले २०,००,००,००० (बीस करोड थान) साधारण शेयर र रु.१००/- का दरले २,००,००,००० (दुई करोड) थान अग्राधिकार शेयरमा बिभाजित गरिएको छ ।

(ख)[९] बैंकको कुल जारी पूँजी रुपैयाँ १७,५०,७४,६३,६१४/- (अक्षरेपि सत्र अर्ब पचास करोड चौहत्तर लाख त्रिसट्ठी हजार छ सय चौध रुपैयाँ मात्र) हुनेछ । सो पूँजीलाई रु.१००/- का दरले १५,५०,७४,६३६.१४ (पन्ध्र करोड पचास लाख चौहत्तर हजार छ सय छत्तिस दशमलव चौध) थान साधारण शेयर र रु. १००/- का दरले २,००,००,००० (दुई करोड) थान अग्राधिकार शेयरमा विभाजित गरिएको छ । बैंकले तत्काल जारी गर्ने शेयर पूँजी न्युनतम रुपैयाँ १७,५०,७४,६३,६१४/- (अक्षरेपि सत्र अर्ब पचास करोड चौहत्तर लाख त्रिसट्ठी हजार छ सय चौध रुपैयाँ मात्र) हुनेछ ।

---

३. पाँचौ संशोधनबाट थप गरिएको ।

४. आठौं संशोधनबाट थप गरिएको ।

५. नवौं संशोधनबाट थप गरिएको ।

६. दशौं संशोधनबाट थप गरिएको ।

७. आठौ बिशेष साधारण सभाबाट संशोधित । संशोधन पहिले " प्रचलित कानुनको अधिनमा रही सम्बन्धीत निकायको स्वीकृति लिई संचालक समितिले आवश्यकता अनुसार बण्ड, ऋणपत्र जारी गरि पूँजी परिचालन गर्ने । "

८. आठौ बिशेष साधारण सभाबाट संशोधित । संशोधन पहिले " बैंकको बैंकको अधिकृत पूँजी रू.२०,००,००,००,०००/- (अक्षेरुपी रु. बिस अरब) हुनेछ । सो पूंजीलाई रु.१००/- का दरले २०,००,००,००० (बिस करोड थान) साधारण शेयरमा बिभाजित गरिएको छ । "

९.आठौ बिशेष साधारण सभाबाट संशोधित । संशोधन पहिले " बैंकको कुल जारी पूँजी रु. १५,५०,७४,६३,६१४/- (अक्षरेपि पन्ध्र अर्ब पचास करोड चौहत्तर लाख त्रिसट्ठी हजार छ सय चौध रुपैयाँ मात्र) हुनेछ । सो पूँजी लाई रु.१००/- का दरले १५,५०,७४,६३६.१४ (पन्ध्र करोड पचास लाख चौहत्तर हजार छ सय छत्तिस दशमलव चौध) थान साधारण शेयरमा विभाजित गरिएको छ । बैंकले तत्काल जारी गर्ने शेयर पूँजी न्युनतम १५,५०,७४,६३,६१४/- (अक्षरेपि पन्ध्र अर्ब पचास करोड चौहत्तर लाख त्रिसट्ठी हजार छ सय चौध रुपैयाँ मात्र) हुनेछ ।

ग)१० बैंकको तत्काल चुक्ता पूँजी न्युनतम रु. १७,५०,७४,६३,६१४/- (अक्षरेपि सत्र अर्ब पचास करोड चौहत्तर लाख त्रिसट्ठी हजार छ सय चौध रुपैयाँ मात्र) हुनेछ। सो पूँजीलाई रु.१००/- का दरले १५,५०,७४,६३६.१४ (पन्ध्र करोड पचास लाख चौहत्तर हजार छ सय छत्तिस दशमलव चौध) थान साधारण शेयर र रु. १००/- का दरले २,००,००,००० (दुई करोड) थान अग्राधिकार शेयरमा विभाजित गरिएको छ।

(घ)११ बैंकले जारी पूँजी मध्येको साधारण शेयरको ४८.९३ प्रतिशत शेयर सर्वसाधारणको लागि छुट्याएको छ।

(ङ)१२ साधारण शेयरधनीहरु मध्येको संस्थापक शेयरधनीहरुलाई समूह "क" मा वर्गिकरण गरिएको छ। यो समूहको शेयर स्वामित्व ५१.०७ प्रतिशत हुनेछ।

(च)[१३] सर्वसाधारणमा बिक्री गरिने साधारण शेयरका शेयरधनीलाई समूह "ख" मा वर्गिकरण गरिएको छ। यो समूहको शेयर स्वामित्व ४८.९३ प्रतिशत हुनेछ। यस समूहको शेयर मध्येबाट बढीमा ५ प्रतिशत सम्म शेयर बैंकका कर्मचारीहरुलाई छुट्याई संचालक समितिको निर्णय बमोजिम बिक्री वितरण गर्न सकिनेछ।

(छ) जुन समूह, उपसमूहको शेयर खरिद गरेको हो, सो खरिद गर्ने व्यक्तिलाई सोही समूह, उपसमूहमा राखिनेछ।

(ज) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिई कम्पनी ऐन, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून तथा अन्य प्रचलित नेपाल कानूनको अधिनमा रही बैंकले आफ्नो पूँजी तथा स्वामित्वको संरचनामा हेरफेर गर्न सक्नेछ।

(झ) नेपाल राष्ट्र बैंकले पूँजी बढाउनका लागि बैंकलाई निर्देशन दिएमा सो निर्देशन बमोजिम प्रचलित नेपाल कानूनको अधिनमा रही बैंकले आफ्नो पूँजी बढाउनु पर्नेछ।

६. **बैंकको शेयरको किसिम** [१३क] : बैंकको शेयर साधारण शेयर र अविमोच्य असञ्चिति अग्राधिकार शेयर (Perpetual Non-Cumulative Preference Share) ले बनेको छ।

---

१०. आठौ बिशेष साधारण सभाबाट संशोधित। संशोधन पहिले " बैंकको तत्काल चुक्ता पूँजी न्युनतम रु. १५,५०,७४,६३,६१४/- (अक्षरेपि पन्ध्र अर्ब पचास करोड चौहत्तर लाख त्रिसट्ठी हजार छ सय चौध रुपैयाँ मात्र) हुनेछ।"

११. आठौ बिशेष साधारण सभाबाट संशोधित। संशोधन पहिले "बैंकले जारी पूँजीको ४८.९३ प्रतिशत शेयर सर्वसाधारणको लागि छुट्याएको छ।"

१२. आठौ बिशेष साधारण सभाबाट संशोधित। संशोधन पहिले "संस्थापक शेयरधनीहरुलाई समूह "क" मा वर्गिकरण गरिएको छ। यो समूहको शेयर स्वामित्व ५१.०७ प्रतिशत हुनेछ।"

१३. आठौ बिशेष साधारण सभाबाट संशोधित। संशोधन पहिले सर्वसाधारणमा बिक्री गरिने शेयरका शेयरधनीलाई समूह "ख" मा वर्गिकरण गरिएको छ। यो समूहको शेयर स्वामित्व ४८.९३ प्रतिशत हुनेछ। यस समूहको शेयर मध्येबाट बढीमा ५ प्रतिशत सम्म शेयर बैंकका कर्मचारीहरुलाई छुट्याई संचालक समितिको निणर्य बमोजिम बिक्री वितरण गर्न सकिनेछ।

१३क.बैंकको अठारौं साधारण सभाबाट संशोधित। संशोधन पहिले " हाल अग्राधिकार शेयरको व्यवस्था नगरिएको हुँदा बैंकको शेयर साधारण शेयर मात्रले बनेको छ। अग्राधिकार शेयर जारी गर्नु परेमा प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गरी प्रचलित नेपाल कानूनको रीत पुऱ्याई नेपाल राष्ट्र बैंकको स्वीकृतिमा मात्र त्यस्तो शेयर जारी गर्न सकिनेछ ।"

७. **शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज** : शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई बैंकको शेयर कुनै विदेशी बैंक वा वित्तीय संस्थालाई बिक्री वा हस्तान्तरण गरिने छैन ।

(ख) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई संस्थापक र सर्वसाधारण समूहको शेयर स्वामित्व अनुपातमा परिवर्तन गर्न पाईने छैन ।

(ग) बैंकले कारोबार संचालन गरेको पाँच वर्ष नपुगसम्म सो संस्थाको संस्थापकले आफ्नो शेयर बिक्री वा धितोबन्धक राख्न पाउने छैन र उक्त अवधिपछि त्यस्तो शेयर बिक्री गर्दा वा धितोबन्धक राख्नु पर्दा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ । यस व्यवस्था बमोजिम बैंकले कारोबार संचालन गरेको पाँच वर्ष नपुगे तापनि बैंकको संचालनमा कुनै बाधा व्यवधान उत्पन्न भई विशेष परिस्थितिको सृजना हुन गएमा नेपाल राष्ट्र बैंकको स्वीकृतिलिई संस्थापकहरुका बीचमा शेयर खरिद बिक्री गर्न सकिनेछ ।

तर, त्यसरी हक छोड्दा वा हस्तान्तरण गर्दा पहिलो प्राथमिकता जुन समूहको शेयर हो सोही समूहका शेयरधनीहरूलाई दिनु पर्नेछ । समूह भित्र उपसमूह रहेको अवस्थामा जुन उपसमूहको शेयर हो सोही उपसमूहका शेयरधनीलाई प्राथमिकता दिइनेछ । यसरी शेयर बिक्री गर्दा एक भन्दा बढी शेयरधनीले शेयर खरीद गर्न चाहेमा निजले धारण गरेको शेयरको अनुपातमा वितरण गर्नु पर्नेछ । सो समूहका कुनै पनि संस्थापक शेयरधनीले शेयर लिने इच्छा नगरेमा मात्र त्यस्तो शेयर संचालक समितिको निर्णय बमोजिम नेपाल राष्ट्र बैंकको स्वीकृति लिई अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई बिक्री गर्न सकिने छ । कुनै संस्थापक शेयरधनीको मृत्यु भएमा वा अदालतको आदेश भएमा हकवालाको नाममा शेयर नामसारी गरि दिन माथि उल्लेखित बन्देज लागू हुने छैन ।

(घ) सर्वसाधारणले शेयर खरिद गर्दा न्यूनतम १० कित्ता वा १० अंकले भाग गर्दा शेष नरहने गरी नेपाल राष्ट्र बैंकले तोकेको अधिकतम हदसम्मको कित्ता खरिद गर्न सकिनेछ ।

तर हकप्रद शेयर र बोनस शेयरको हकमा यो बन्देज लागू हुने छैन ।

(ङ) बैंकका संचालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिव वा बैंकको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहंदाको वखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको कम्तीमा एक वर्षसम्म बैंक वा त्यसको सहायक कम्पनीको शेयर आफ्नो वा आफ्नो परिवारको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा खरिद बिक्री गर्न, गराउन, गर्न दिन, धितोबन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन, दिन वा लेनदेन गर्न हुँदैन ।

(च) कसैले खण्ड (ङ) को विपरित काम गरेमा त्यस्तो शेयर बैंकले जफत गर्नेछ र त्यसरी जफत भएको शेयर संचालक समितिले उचित ठहऱ्याएको किसिमबाट बिक्री बितरण गर्न सक्नेछ ।

(छ) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, कम्पनी कानून र धितोपत्र कारोवार सम्बन्धी कानून तथा अन्य प्रचलित नेपाल कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

(ज)[१४] बैंकले हकप्रद शेयर निष्काशन गर्दा साविकका संस्थापक शेयरधनीहरुले खरीद गर्न पाउने हकप्रद शेयरको सम्पूर्ण वा आंशिक हक हस्तान्तरण गर्न चाहेमा चुक्ता पूँजीको दुई प्रतिशत वा सोभन्दा कम शेयर लिएका संस्थापक शेयरधनीको हकमा नेपाल राष्ट्र बैंकले तोकेको शर्तको अधीनमा रही हक हस्तान्तरण गर्न सक्ने र दुई प्रतिशतभन्दा माथि शेयर स्वामित्व भएकाको हकमा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिई हक हस्तान्तरण गर्न सक्नेछ । यसैगरी सर्वसाधारण शेयरधनीहरुले समेत प्रचलित कानूनको अधिनमा रही आफूले खरीद गर्न पाउने हकप्रद शेयरको सम्पूर्ण वा आंशिक हकहस्तान्तरण गर्न सक्नेछन ।

(झ)[१५] बैंकले हकप्रद शेयर जारी गर्दा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०६३ को दफा ७ (१) वमोजिम सर्वसाधारणलाई विक्री वितरण गरिएको शेयर शेयरधारण गर्ने कुनै शेयरधनीले खरिद नगरेमा वा शेयर खरिद गर्ने हक अरुलाई विक्री वा हस्तान्तरण नगरेमा त्यसरी विक्री हुन नसकेको शेयरको अंश उपदफा (ट) मा उल्लेखित अवस्थामा बाहेक अन्य अवस्थामा स्वत: खारेज हुनेछ ।

(ञ)[१६] उपदफा (झ) वमोजिम खारेज हुने अवस्थामा प्रत्येक वर्ष समानुपातिक रुपमा चुक्ता पूंजी वृद्धि गर्दै लैजानु पर्ने नेपाल राष्ट्र बैंकको प्रावधान पालना गर्ने प्रयोजनका लागी त्यस्तो खारेजी गर्नु परेको शेयरको रकम हदसम्मलाई आगामी वर्षमा समायोजन गरीने छ ।

(ट)[१६] उपदफा (झ) वमोजिम स्वत: खारेज गर्नुपरेको कारणवाट बैंकको शेयर स्वामित्व संरचनामा प्रतिकुल असर पर्ने अवस्था भएमा त्यस्तो शेयरको अंश सार्वजनिक सूचना मार्फत सार्वजनिक वोलकवोलको आधार (Public Auction Basis) मा न्यूनतम प्रति शेयर रु. १०० तोकि विक्री गर्न सकिनेछ । यसरी सार्वजनिक वोलकवोलको माध्यमद्वारा विक्री गर्दा प्रति शेयर रु. १०० भन्दा वढी प्राप्त हुन आउने रकम (Premium) लाई बैंकले छुट्टै Share Premium शीर्षक अन्तर्गत राख्नेछ ।

(ठ)[१६] संस्थापक समूह अन्तर्गतको विक्री हुन नसकेको हकप्रद शेयरको अंश विद्यमान संस्थापकहरुले खरीद गर्न सक्नेछन् । यसरी संस्थापक शेयरधनीले खरिद गर्न पाउने हकप्रद शेयरको सम्पूर्ण वा आंशिक हक हस्तान्तरण गर्न चाहेमा नेपाल राष्ट्र बैंकवाट जारी निर्देशनको अधिनमा रही हक हस्तान्तरण गरीनेछ ।

(ड)[१६] संस्थापक समूह अन्तरगतको विक्री हुन नसकेको हकप्रद शेयरको अंश बैंकको संस्थापक वाहेक अन्य व्यक्तिलाई विक्री गर्नु पर्ने भएमा प्रचलित कानून एवं नेपाल राष्ट्र बैंकको निर्देशन अनुरुपको कार्यविधि अपनाई खरिदकर्ताको पहिचान गरी विक्री वितरण गरिनेछ ।

(ढ)[१७] बैंकको पूँजी संरचना परिवर्तनका कारणले थप शेयर जारी गर्न परेमा सम्बन्धित निकायबाट स्वीकृति लिई थप सार्वजानिक निष्काशन (FPO) माध्यमवाट प्रति शेयर रु.१००।- (रु. एक सय मात्र) अंकित मुल्यमा मूल्याङ्कन बमोजिम प्रिमियम थप गरी वा नगरी थप सार्वजानिक निष्काशन (FPO) गर्न सकिनेछ । यसरी थप सार्वजानिक निष्काशन (FPO) माध्यमबाट विकि गर्दा प्राप्त प्रिमियमलाई शेयर प्रिमियम शिर्षक अन्तर्गत जगेडाको रुपमा लेखांकन गरिने छ ।

---

१४. तेस्रो संशोधनबाट संशोधन गरिएको । संशोधन पहिले " बैंकले हकप्रद शेयर निष्काशन गर्दा साविकका संस्थापक शेयरधनीहरुले खरीद गर्न पाउने हकप्रद शेयरको सम्पूर्ण वा आंशिक हक हस्तान्तरण गर्न चाहेमा चुक्ता पूँजीको एक प्रतिशत वा सोभन्दा कम शेयर लिएका संस्थापक शेयरधनीको हकमा नेपाल राष्ट्र बैंकले तोकेको शर्तको अधीनमा रही हक हस्तान्तरण गर्न सक्ने र एक प्रतिशतभन्दा माथि शेयर स्वामित्व भएकाको हकमा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिई हक हस्तान्तरण गर्न सक्नेछ" भएको ।

१५. नवौं संशोधनबाट संशोधन गरिएको । संशोधन पहिले " बैंकले हकप्रद शेयर जारी गर्दा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०६३ को दफा ७ (१) वमोजिम सर्वसाधारणलाई विक्री वितरण गरिएको शेयर शेयरधारण गर्ने कुनै शेयरधनीले खरिद नगरेमा वा शेयर खरिद गर्ने हक अरुलाई विक्री वा हस्तान्तरण नगरेमा त्यसरी विक्री हुन नसकेको शेयरको अंश उपदफा (च) मा उल्लेखित अवस्थामा बाहेक अन्य अवस्थामा स्वत: खारेज हुनेछ ।" भएको ।

१६. आठौं संशोधनबाट थप गरिएको ।

१७ एघारौं संशोधनबाट थप गरिएको ।

(ण)[१७क] अविमोच्य असञ्चिति अग्राधिकार शेयर संस्थागत लगानीकर्ताले मात्र धारण गर्ने सुनिश्चित हुने गरी जारी गरिनेछ ।

(त)[१७ख] नेपाल वित्तीय प्रतिवेदन मापदण्ड अन्तर्गत परिभाषित बैंकका सम्बन्धित पक्ष तथा बैंकको नियन्त्रण रहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले अविमोच्य असञ्चिति अग्राधिकार शेयर खरिद गर्न पाउने छैन ।

८. **शेयरको रकम भुक्तानीका शर्तहरु** : बैंकको शेयरको रकम भुक्तानी सम्बन्धी शर्त देहाय बमोजिम हुनेछ :-

(क) बैंकको शेयर बापतको रकम बैंक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानूनको अधीनमा रही माग गर्नु पर्नेछ ।

(ख) बैंकले माग गरेको रकमहरु निर्धारित समयमा शेयरधनीले बुझाउनु पर्नेछ ।

(ग) शेयर माग गर्ने, माग गरेको शेयर रकम निर्धारित समयभित्र बुझाउने, म्याद थप गर्ने, म्याद दिने आदि कुराहरु नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

९. **अन्य आवश्यक कुराहरू** :

(१) बैंकको संस्थापन गर्दा लागेको खर्च बैंकले नै व्यहोर्नेछ ।

(२) बैंकको शेयरको रकम भुक्तानी नगदमा नै गर्नु पर्नेछ ।

(३) बैंकले काम शुरु गर्दाको अवस्थामा संस्थापक वा अन्य कुनै व्यक्तिबाट कुनै सम्पत्ति प्राप्त गरेको छैन ।

(४) संस्थापक वा अन्य कुनै व्यक्तिले बैंकबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने छैन ।

(५) नेपाल राष्ट्र बैंकको स्वीकृति लिई बैंकले आफ्नो कारोबार सञ्चालनका लागि आवश्यक विनियमहरू बनाई लागू गर्न सक्नेछ ।

(६) बैंकले प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनले बन्देज लगाएका कार्यहरू गर्न पाउने छैन

(७) बैंकले आवश्यकता महसुस गरेमा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त गरी बैंकको हितको लागि आफ्नो व्यवस्थापन जिम्मा दिने वा आवश्यक परामर्शदातासँग परामर्श लिन सक्नेछ ।

(८) बैंकले नेपाल राष्ट्र बैंकले तोके बमोजिमको आफ्नो कूल सम्पत्ति वा जोखिम भारित सम्पत्तिको आधारमा तोके अनुसारको पूँजी कोषको व्यवस्था गर्नु पर्नेछ ।

(९) बैंक अविच्छिन्न उत्तराधिकारवाला एक संगठित संस्था हुनेछ ।

(१०) बैंकको काम कारवाही सञ्चालनका लागि एक छुट्टै छाप हुनेछ ।

(११) बैंकले आफ्नो नामबाट नालिस उजूर गर्न र यस उपर पनि सोही नाउँबाट नालिस उजूर लाग्न सक्नेछ ।

(१२) बैंकले प्रचलित नेपाल कानूनको अधीनमा रही व्यक्ति सरह चल अचल सम्पत्ति खरिद बिक्री गर्न, धितोबन्धक लिन, दिन वा दान दातव्य दिन सक्नेछ ।

(१३) बैंकको शेयरधनीहरूको दायित्व निजले लिएको वा लिन मन्जुरी गरेको शेयर मूल्यसम्म सीमित हुनेछ । (१४) बैंकका सबै कामहरू नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, कम्पनी सम्बन्धी कानून तथा अन्य प्रचलित नेपाल कानून बमोजिम सञ्चालन हुनेछ ।

१७क. अठारौ साधारण सभाबाट थप गरिएको ।

१७ख. अठारौ साधारण सभाबाट थप गरिएको ।

१०. **<u>प्रवन्धपत्र बाझिएको हदसम्म निष्कृय हुने</u>** : यस प्रबन्धपत्रका दफाहरु कम्पनी कानून, नेपाल राष्ट्र बैक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून तथा अन्य प्रचलित नेपाल कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वत: निष्कृय हुनेछ र यस प्रबन्धपत्रमा उल्लेख नभएका कुराहरुको हकमा उल्लेखित कानून बमोजिम हुनेछ ।

११. **<u>प्रवन्धपत्रमा संशोधन भएमा लागू हुने अवस्था</u>** : (१) यस प्रवन्धपत्रमा बैंकले कुनै संशोधन गर्नु पर्ने भएमा कम्पनी कानून बमोजिम प्रस्ताव पारित गरी सो प्रस्ताव कार्यालयबाट अभिलेख भएपछि मात्र प्रवन्धपत्र संशोधन भएको मानिनेछ ।

(२) नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, कम्पनी कानून तथा धितोपत्र कारोवार सम्बन्धी प्रचलित कानून संशोधन भएको खण्डमा यो प्रबन्धपत्र पनि सोही बमोजिम संशोधन भएको मानिनेछ र यस प्रबन्धपत्रमा समेत सोही अनुरुप संशोधन गर्नु पर्नेछ ।

१२. **<u>संस्थापकहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या:</u>**

हामी सिटिजन्स बैंक इण्टरनेशनल लिमिटेडका संस्थापकहरुले देहाय बमोजिमको संख्यामा शेयर लिन कवुल गरी देहायका साक्षीको रोहवरमा यस प्रवन्धपत्रमा सहीछाप गरेका छौं ।

समुह क को उप-समुह –१

सि.नं	संस्थापकको नाम, ठेगाना र सहिछाप	बाबुको नाम	बाजेको नाम	लिन कवुल गरेको शेयर संख्या	साक्षीको नाम, थर, ठेगाना र सहीछाप
१.	दस्तखत नाम : शंकर प्रसाद शर्मा ठेगाना: २२/३३ पाँच मार्ग, ज्ञानेश्वर जिल्ला काठमाडौं काठमाडौं महानगरपालिका सम्पर्क फोन नं.४४१२३६१ इ-मेल: shankar@htp.com.np	श्री भीम प्रसाद उपाध्याय	श्री चन्द्र प्रसाद उपाध्याय	१२०,०००	दस्तखत नाम : विष्णु राज अधिकारी ठेगाना: जिल्ला काठमाडौं का. म. महानगरपालिका वडा नं.३४ व्लक नं.९० भुपिशेरचमार्ग
२.	दस्तखत नाम :विष्णु राज अधिकारी ठेगाना: ९० भुपिशेरचन मार्ग, भिमसेन गोला, बानेश्वर जिल्ला काठमाडौं काठमाडौं महानगरपालिका वडा नं. ३४ सम्पर्क फोन नं.४४९८७३६ फ्याक्स:५५५०४३४ इ-मेल: bishnu@kcm.edu.np	श्री योगनाथ अधिकारी (उपाध्याय)	श्री लिलानाथ अधिकारी	३२०,०००	दस्तखत नाम : शंकर प्रसाद शर्मा ठेगाना: २२/३३ पाँच मार्ग, ज्ञानेश्वर जिल्ला काठमाडौं काठमाडौं महानगरपालिका

३.	दस्तखत नाम : रेखा कुमारी शर्मा अधिकारी ठेगाना: ९० भुपिशेरचन मार्ग, भिमसेन गोला, बानेश्वर जिल्ला काठमाडौं काठमाडौं महानगरपालिका वडा नं. ३४ सम्पर्क फोन नं.४४९८७३६ फ्याक्स:५५५०४३४ इ-मेल: bishnu@kcm.edu.np	श्री रमेश कुमार शर्मा	श्री विश्वनाथ शर्मा	१६०,०००	दस्तखत नाम : माधुरा रेग्मी ठेगाना: २१/५२५ तिलंगीटार, रानीबारी, जिल्ला काठमाडौं काठमाडौं महानगरपालिका बडा नं. - ३ फोन नं ४३५६००२
४.	दस्तखत नाम : माधुरा रेग्मी ठेगाना: २१/५२५ तिलंगीटार, रानीबारी, जिल्ला काठमाडौं काठमाडौं महानगरपालिका बडा नं. - ३ सम्पर्क फोन नं.४३५६००२	श्री अग्नीधर गौतम	श्री चेतनारायण गौतम	४०,०००	दस्तखत नाम : रेखा कुमारी शर्मा अधिकारी ठेगाना: ९० भुपिशेरचन मार्ग, भिमसेन गोला, बानेश्वर जिल्ला काठमाडौं काठमाडौं महानगरपालिका वडा नं. ३४
५.	दस्तखत नाम : अभिलाशा राणा ठेगाना: युनिट ९।१६-१८ अष्ट्रल स्ट्रीट, पेनहरष्ट, सिडनी, अष्ट्रेलिया सम्पर्क फोन नं.५५३८०१६ इमेल: abbu44@hotmail.com	श्री विनोद शम्शेर ज.व.राणा	श्री ३ जुद्ध शम्शेर ज.व.राणा	१२०,०००	दस्तखत नाम : विना महत ठेगाना: १०५ ओरालो मार्ग जिल्ला काठमाडौं,काठमाडौं महानगरपालिका वडा नं. ३
६.	दस्तखत नाम : विना महत ठेगाना: १०५ ओरालो मार्ग जिल्ला काठमाडौं काठमाडौं महानगरपालिका, वडा नं. ३ सम्पर्क फोन ४४३७१५२६ फ्याक्स: ४३७६७०५ इमेल: beenamahat@hotmail.com	श्री राम प्रसाद बुढाथोकी	श्री छत्र सिंह बुढाथोकी	४०,०००	दस्तखत नाम : अभिलाषा राणा ठेगाना: युनिट ९।१६-१८ अष्ट्रल स्ट्रीट, पेनहरष्ट, सिडनी, अष्ट्रेलिया
७.	दस्तखत नाम : सन्ध्या रेग्मी शिवाकोटी ठेगाना: ३।११५ धोवीघाट जिल्ला ललितपुर, ललितपुर उपमहानगरपालिका सम्पर्क फोन ५५२५६९३ इमेल: sandhaya_regmi2000@yahoo.com	श्री कमल राज रेग्मी	श्री केशव राज रेग्मी	४०,०००	दस्तखत नाम : ज्योती रेग्मी अधिकारी ठेगाना: ३।११५ धोविधारा जिल्ला ललितपुर ललितपुर उपमहानगरपालिका
८.	दस्तखत नाम : ज्योती रेग्मी अधिकारी ठेगाना: ३।११५ धोवीघाट जिल्ला ललितपुर, ललितपुर उपमहानगरपालिका	श्री कमल राज रेग्मी	श्री केशव राज रेग्मी	२०,०००	दस्तखत नाम : सन्ध्या रेग्मी शिवाकोटी ठेगाना: ३।११५ धोवियधा जिल्ला ललितपुर

	सम्पर्क फोन ५५३९८५८ इमेलः jyoti@kcm.edu.np				ललितपुर उपमहानगरपालिका
९.	दस्तखत नाम : सुभद्रा रेग्मी ठेगानाः धुम्वाराही जिल्ला काठमाडौं काठमाडौं महानगरपालिका, वडा नं. ४ सम्पर्क फोन ४३७१२००	श्री तिलक राम नेपाल	श्री छविलाल नेपाल	४०,०००	दस्तखत नाम : बोध प्रसाद अधिकारी ठेगानाः १५९ मिथिला मार्ग जिल्ला काठमाडौं बडा नं. ४
१०.	दस्तखत नाम : बोध प्रसाद अधिकारी ठेगानाः १५९ मिथिला मार्ग, धुम्वाराही जिल्ला काठमाडौं बडा नं. ४ सम्पर्क फोन ४३७११७४ इमेलः bpadhikari@email.com	श्री योगनाथ उपाध्याय	श्री लिलानाथ उपाध्याय	४०,०००	दस्तखत नाम : सुभद्रा रेग्मी ठेगानाः धुम्वाराही जिल्ला काठमाडौं काठमाडौं महानगरपालिका वडा नं. ४
११.	दस्तखत नाम : रमा ज्ञवाली ठेगानाःनक्साल जिल्ला काठमाडौं बडा नं. १ सम्पर्क फोन ४४१६९४५	श्री योगनाथ उपाध्याय	श्री लिलानाथ उपाध्याय	१६०,०००	दस्तखत नाम : परमेश्वर प्रसाद रौनियार ठेगानाः १७६ धोविधारा मार्ग जिल्ला काठमाडौं काठमाडौं महानगरपालिका
१२.	दस्तखत नाम : परमेश्वर प्रसाद रौनियार ठेगानाः १७६ धोविधारा मार्ग जिल्ला काठमाडौं काठमाडौं महानगरपालिका सम्पर्क फोन ४४३४७७९ इमेलः himhans@wlink.com.np	श्री केशवर शाह	श्री रामखेलावन शाह	४०,०००	दस्तखत नाम : रमा ज्ञवाली ठेगानाःनक्साल जिल्ला काठमाडौं बडा नं. १
१३.	दस्तखत नाम : मीना पोखेल ठेगानाः १६९ गौरीशंकर सडक, कुलेश्वर जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका वडा नं. १४ सम्पर्क फोन नं. ४२७३३९५ फ्याक्स ४२६०११०	श्री रमेश कुमार शर्मा	श्री विश्वनाथ उपाध्याय	४०,०००	दस्तखत नाम : रमेश कोइराला ठेगानाः कंचनवारी जिल्ला मोरंग, विराटनगर विराटनगर उपमहा नगरपालिका वडा नं. ५
१४.	दस्तखत नाम : रमेश कोइराला ठेगानाः कंचनवारी जिल्ला मोरंग, विराटनगर उपमहा नगरपालिका वडा नं. ५	श्री थीर प्रसाद कोइराला	श्री वेदनाथ कोइराला	४०,०००	दस्तखत नाम : मीना पोखेल ठेगानाः १६९ गौरीशंकर सडक, कुलेश्वर जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका वडा नं. १४

१५.	दस्तखत नाम : गणेशराज पोखरेल ठेगाना: गुलरिया ९, जिल्ला वर्दिया गुलरिया गा.वि.स. वडा नं. २ सम्पर्क फोन नं. ४११५५७४ फ्याक्स ४२४०४७५ इ-मेल pgraj@wlink.com.np	श्री खेटराज उपाध्याय	श्री विश्वनाथ उपाध्याय	४०,०००	दस्तखत नाम : मोहना प्रसाई ठेगाना: ६१ विणायक संझना मार्ग, आलोकनगर, मीन भवन जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका वडा नं. ३४
१६.	दस्तखत नाम : मोहना प्रसाई ठेगाना: ६१ विणायक संझना मार्ग, आलोकनगर, मीन भवन जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका वडा नं. ३४ सम्पर्क फोन नं. ४४६२३२३	श्री टेक वहादुर पाण्डे	श्री थीर जंग पाण्डे	२०,०००	दस्तखत नाम : गणेश राज पोखरेल ठेगाना: गुलरिया ९, जिल्ला वर्दिया गुलरिया गा.वि.स. वडा नं. ९
१७.	दस्तखत नाम : कमल प्रसाद ज्ञवाली ठेगाना: गुरुंग मार्ग, ५६।१४ वानेश्वर जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका वडा नं. ३४ सम्पर्क फोन नं. ४४९५३६१ फ्याक्स ४४४४८३८ इ-मेल kistfinance@wlink.com.np	श्री चुडामणी ज्ञवाली	श्री जनार्दन ज्ञवाली	२०,०००	दस्तखत नाम : मीरा पाण्डे ठेगाना: मानभवन, जाउलाखेल जिल्ला ललितपुर ललितपुर उपमहानगरपालिका
१८.	दस्तखत नाम : मीरा पाण्डे ठेगाना: मानभवन, जाउलाखेल जिल्ला ललितपुर, ललितपुर उपमहानगरपालिका सम्पर्क फोन नं. ५५५०६४५ फ्याक्स इ-मेल sriram.pande@undp.org.np	श्री रामकृष्ण मिश्र	श्री जानकि दत्त मिश्र	४०,०००	दस्तखत नाम : कमल प्रसाद ज्ञवाली ठेगाना: गुरुंग मार्ग, ५६।१४ वानेश्वर जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका वडा नं. ३४
१९.	दस्तखत नाम : शक्ति कुंवर ठेगाना: अधिकारी चौर जिल्ला वाग्लुंग अधिकारीचौर गा.वि.स., वडा नं. ९ सम्पर्क फोन नं. ४४१५५४६ फ्याक्स ४४३५१५३ इ-मेल krkuwar@gmail.com	श्री टेक वहादुर पाण्डे	श्री थीर जंग पाण्डे	२०,०००	दस्तखत नाम : इला शर्मा ठेगाना: कुपण्डोल जिल्ला ललितपुर ललितपुर उपमहा नगरपालिका वडा नं. १०
२०.	दस्तखत नाम : इला शर्मा ठेगाना: कुपण्डोल जिल्ला ललितपुर	श्री भवनाथ शर्मा	श्री माधव प्रसाद शर्मा	४०,०००	दस्तखत नाम : शक्ति कुंवर ठेगाना: अधिकारी चौर जिल्ला वाग्लुंग अधिकारीचौर गा.वि.स.

	ललितपुर उपमहानगरपालिका, वडा नं. १० सम्पर्क फोन नं. ५५२८५१४ फ्याक्स इ-मेल ilasharma@actionaid.org				वडा नं. ९

समुह क को उप-समुह –२

२१.	दस्तखत नाम : उषा किरण श्रेष्ठ ठेगाना: झम्सिखेल जिल्ला ललितपुर ललितपुर उपमहानगरपालिका, वडा नं. ३ सम्पर्क फोन नं. ५५२५१७२ फ्याक्स ५५२६५२९ इ-मेल steel@panchakanya.com.np	श्री राम भक्त साख	श्री गणेश राज साख	७५,०००	दस्तखत नाम : प्रेम वहादुर श्रेष्ठ ठेगाना: झम्सिखेल जिल्ला ललितपुर ललितपुर उपमहानगरपालिका वडा नं. ३
२२.	दस्तखत नाम : प्रेम वहादुर श्रेष्ठ ठेगाना: झम्सिखेल जिल्ला ललितपुर ललितपुर उपमहानगरपालिका, वडा नं. ३ सम्पर्क फोन नं. ५५२२९६७ फ्याक्स ५५२६५५१ इ-मेल steel@panchakanya.com.np	श्री तेज वहादुर श्रेष्ठ	श्री धन कुवेर श्रेष्ठ	१२५,०००	दस्तखत नाम : उषा किरण श्रेष्ठ ठेगाना: झम्सिखेल जिल्ला ललितपुर ललितपुर उपमहानगरपालिका वडा नं. ३
२३.	दस्तखत नाम : बद्री कुमार श्रेष्ठ ठेगाना: झम्सिखेल जिल्ला ललितपुर ललितपुर उपमहानगरपालिका, वडा नं. ३ सम्पर्क फोन नं. ५५२६३५७ फ्याक्स ५५२६५२९ इ-मेल steel@panchakanya.com.np	श्री प्रेम वहादुर श्रेष्ठ	श्री तेज वहादुर श्रेष्ठ	७५,०००	दस्तखत नाम : ध्रुव कुमार श्रेष्ठ ठेगाना: झम्सीखेल जिल्ला ललितपुर ललितपुर उपमहानगर पालिका वडा नं. ३
२४.	दस्तखत नाम : ध्रुव कुमार श्रेष्ठ ठेगाना: झम्सीखेल जिल्ला ललितपुर ललितपुर उपमहानगरपालिका सम्पर्क फोन नं. ५५२६५५१ फ्याक्स ५५२६५२९ इ-मेल steel@panchkanya.com.np	श्री प्रेम वहादुर श्रेष्ठ	श्री तेज वहादुर श्रेष्ठ	७५,०००	दस्तखत नाम : बद्री कुमार श्रेष्ठ ठेगाना: झम्सिखेल जिल्ला ललितपुर ललितपुर उपमहानगरपालिका वडा नं. ३
२५.	दस्तखत नाम : अंशु थापा	श्री हेम गजाधर खडका	श्री विष्णु गजाधर खडका	२५,०००	दस्तखत नाम : पुष्प वहादुर के.सि.

	ठेगाना: मालिगाउं जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका, वडा नं. ५ सम्पर्क फोन नं. ४४१२९६९				ठेगाना: १०६ सारथि मार्ग, ज्ञानेश्वर जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका
२६.	दस्तखत नाम : पुष्प वहादुर के.सि. ठेगाना: १०६ सारथि मार्ग, ज्ञानेश्वर जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका सम्पर्क फोन नं. ४४१०३६९	श्री सूर्य वहादुर के.सि.	श्री जित वहादुर खत्री	२५,०००	दस्तखत नाम : अंशु थापा ठेगाना: मालिगाउं जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका वडा नं. ५
२७.	दस्तखत नाम : उर्मिला श्रेष्ठ ठेगाना: १६।१५५ ठमेल जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका वडा नं. २९ सम्पर्क फोन नं. ४४१७११९ इ-मेल kbahadur@mos.com.np	श्री पन्ना लाल वैद्य	श्री कृष्ण लाल वैद्य	५५,०००	दस्तखत नाम : रविन्द्रमान सिंह प्रधान ठेगाना: छाउनी, म्यूजियम रोड जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका वडा नं. १३
२८.	दस्तखत नाम : रविन्द्रमान सिंह प्रधान ठेगाना: छाउनी, म्यूजियम रोड जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका, वडा नं. १३ सम्पर्क फोन नं. ४२७१३८६ फ्याक्स ४२४९८९६ इ-मेल rms@ets.com.np	श्री प्रयाग मान सिंह	श्री राज मान सिंह	१००,०००	दस्तखत नाम : उर्मिला श्रेष्ठ ठेगाना: १६।१५५ ठमेल जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका वडा नं. २९
२९.	दस्तखत नाम : उर्मिला पाण्डे ठेगाना: वालुवाटार, जिल्ला काठमाण्डौं, काठमाण्डौं महानगरपालिका सम्पर्क फोन नं. ४४३९८५५ इ-मेल lomus@ntc.net.np	श्री राम दाश वैष्णव	श्री कृष्ण दाश वैष्णव	३००,०००	दस्तखत नाम : लोमस फर्मासुटीकल्स प्रा.लि. ठेगाना: गैरीधारा जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका
३०.	दस्तखत नाम : लोमस फर्मासुटीकल्स प्रा.लि. ठेगाना: गैरीधारा जिल्ला काठमाण्डौं, काठमाण्डौं महानगरपालिका इ-मेल lomus@ntc.net.np			४५,०००	दस्तखत नाम : उर्मिला पाण्डे ठेगाना: वालुवाटार, जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका
३१.	दस्तखत नाम : प्रताप जंग पाण्डे ठेगाना: ८५६ सुवर्ण मार्ग, वालुवाटार जिल्ला काठमाण्डौं	श्री प्रदिप जंग पाण्डे	श्री पूर्ण जंग पाण्डे	६०,०००	दस्तखत नाम : पोष राज पाण्डे ठेगाना: वालुवाटार जिल्ला काठमाण्डौं

	काठमाण्डौं महानगरपालिका, वडा नं. ४ सम्पर्क फोन नं. ४४१२००१ फ्याक्स ४२३६३९५ इ-मेल pjpandey@yahoo.com				काठमाण्डौं महानगरपालिका वडा नं. ४ .
३२.	दस्तखत नाम : पोष राज पाण्डे ठेगाना: वालुवाटार जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका, वडा नं. ४ सम्पर्क फोन नं. ४४१६९४४	श्री दुर्गा राज पाण्डे	श्री टंक राज पाण्डे	४०,०००	दस्तखत नाम : विजेन जोशी ठेगाना: पलियान, कुपण्डोल १, जिल्ला ललितपुर ललितपुर उपमहा नगरपालिका
३३.	दस्तखत नाम : सोनी जोशी ठेगाना: पलियान, कुपण्डोल १ जिल्ला ललितपुर, ललितपुर उपमहानगरपालिका सम्पर्क फोन नं. ५५२४२४७ इ-मेल nura@wlink.com.np	श्री गोविन्द प्रसाद जोशी	श्री देवी बहादुर जोशी	१५०,०००	दस्तखत नाम : अनिल कुमार ढुंगेल ठेगाना: कुपण्डोल १, जिल्ला:ललितपुर उपमहानगरपालिका वडा नं. १
३४	दस्तखत नाम : अनिल कुमार ढुंगेल ठेगाना: कुपण्डोल १, जिल्ला:ललितपुर उपमहानगरपालिका, वडा नं. १ सम्पर्क फोन नं. ५५३०२४६ इ-मेल adhungel@mos.com.np	श्री वनमाली प्रसाद ढुंगेल	श्री सोम नाम ढुंगेल	५०,०००	दस्तखत नाम : सोनी जोशी ठेगाना: पलियान, कुपण्डोल १ जिल्ला ललितपुर ललितपुर उपमहानगरपालिका वडा नं. ३१
३५.	दस्तखत नाम : विजेन जोशी ठेगाना: पलियान, कुपण्डोल १, जिल्ला ललितपुर, ललितपुर उपमहानगरपालिका सम्पर्क फोन नं. ५५२४२४७	श्री नुतन जोशी	श्री महेन्द्र गोविन्द जोशी	२००,०००	दस्तखत नाम : प्रताप जंग ठेगाना: ८५६ सुवर्ण मार्ग जिल्ला काठमाडौं काठमाडौ महानगरपालिका वडा नं ४

समुह क को उप-समुह –३

३६.	दस्तखत नाम : भोला विक्रम थापा ठेगाना: धापासी जिल्ला काठमाण्डौं धापासी गा.वि.स. वडा नं. ४ सम्पर्क फोन नं. ४३७३१५३ फ्याक्स ४२२११८० इ-मेल bthapa@president.com.np	श्री खड्ग विक्रम थापा	श्री त्रिभुवन विक्रम थापा	८०,०००	दस्तखत नाम : सिद्धार्थ विक्रम थापा ठेगाना: धापासी जिल्ला काठमाण्डौं धापासी गा.वि.स. वडा नं. ४
	दस्तखत नाम : सिद्धार्थ विक्रम थापा ठेगाना: धापासी	श्री भोला विक्रम थापा	श्री खडग विक्रम थापा	६०,०००	दस्तखत नाम : भोला विक्रम थापा ठेगाना: धापासी

३७	जिल्ला काठमाण्डौं, धापासी गा.वि.स. वडा नं. ४ सम्पर्क फोन नं. ४३७३१५३ फ्याक्स ४२२११८० इ-मेल siddharth@president.net.np				जिल्ला काठमाण्डौं धापासी गा.वि.स. वडा नं. ४
३८	दस्तखत नाम : रमेश शर्मा ठेगाना: ताहाचल जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका, वडा नं. १३ सम्पर्क फोन नं. ४२७१२२७ फ्याक्स ४२६०६२८ इ-मेल sharmaco@ntc.net.np	श्री राधा कृष्ण शर्मा	श्री रघुनाथ शर्मा	८०,०००	दस्तखत नाम : नरेन्द्र कुमार देव भट्ट ठेगाना: ५८२।३९ वावुराम आचार्य सडक, सिनामंगल जिल्ला काठमाण्डौं काठमाण्डौं महानगर पालिका वडा नं. ९
३९	दस्तखत नाम : नरेन्द्र कुमार देव भट्ट ठेगाना: ५८२।३९ वावुराम आचार्य सडक, सिनामंगल जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका, वडा नं. ९ सम्पर्क फोन नं. ४४७३०९५ फ्याक्स ४२४१८२० इ-मेल heritagett@mos.com.np	श्री महादेव भट्ट	श्री विशा भट्ट	८०,०००	दस्तखत नाम : रमेश शर्मा ठेगाना: ताहाचल जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका वडा नं. १३
४०	दस्तखत नाम : राजेस खडका ठेगाना: सानेपा जिल्ला ललितपुर, ललितपुर उपमहानगरपालिका वडा नं. २ सम्पर्क फोन नं. ५५३५५५९ फ्याक्स ५५२६५४८	श्री हरि भक्त खडका	श्री वम वहादुर खडका	६०,०००	दस्तखत नाम : वावुराम पोखरेल ठेगाना: २६५।४६ भक्ति थापा मार्ग, नयांवानेश्वर, जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका वडा नं. ३४
४१	दस्तखत नाम : वावु राम पोखरेल ठेगाना: २६५।४६ भक्ति थापा मार्ग, नयांवानेश्वर, जिल्ला काठमाण्डौं, काठमाण्डौं महानगरपालिका, वडा नं. ३४ सम्पर्क फोन नं. ४४९८७६५ फ्याक्स ४४७८३७९ इ-मेल baburampokharel@gmail.com	श्री घनश्याम पोखरेल	श्री दिनानाथ पोखरेल	६०,०००	दस्तखत नाम : राजेस खडका ठेगाना: सानेपा जिल्ला ललितपुर ललितपुर उपमहानगरपालिका वडा नं. २
४२	दस्तखत नाम : राम गोपाल श्रेष्ठ ठेगाना: वनस्थली जिल्ला काठमाण्डौं	श्री कुलदिप मान श्रेष्ठ	श्री मेहर सिं श्रेष्ठ	६०,०००	दस्तखत नाम : सावित्री शर्मा ठेगाना: लाजिम्पाट जिल्ला काठमाण्डौं

	काठमाण्डौं नगरपालिका, वडा नं. १६ सम्पर्क फोन नं. ४३५०७३३ फ्याक्स ४४२१८३८ इ-मेल rabina@mos.com.np				काठमाण्डौं महानगरपालिका वडा नं. २
४३	दस्तखत नाम : सावित्री शर्मा ठेगाना: लाजिम्पाट जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका, वडा नं. २ सम्पर्क फोन नं. ४४१५३५९ इ-मेल hoc@mos.com.np	श्री पृथ्वी नारायण पौडेल	श्री जय नारायण पौडेल	६०,०००	दस्तखत नाम : राम गोपाल श्रेष्ठ ठेगाना: वनस्थली जिल्ला काठमाण्डौं काठमाण्डौं नगरपालिका वडा नं. १६
४४	दस्तखत नाम : चिन्तामणि भट्टराई ठेगाना: कस्तुरी मार्ग १०२, जिल्ला काठमाण्डौं, काठमाण्डौं महानगरपालिका, वडा नं. ३४ सम्पर्क फोन नं. ४४७३५५४	श्री तुलसि प्रसाद भट्टराई	श्री नीलकण्ठ भट्टराई	५६,०००	दस्तखत नाम : मनोहर दास मुल ठेगाना: थापाथली जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका
४५	दस्तखत नाम : मनोहर दास मुल ठेगाना: थापाथली जिल्ला काठमाण्डौं, काठमाण्डौं महानगरपालिका सम्पर्क फोन नं. ४२७९६१९ फ्याक्स ४२८८०६१८ इमेल : kagajkothi@wlink.com.np	श्री मनमोहन दास मुल	श्री मथुरा दास मुल	५६,०००	दस्तखत नाम : चिन्तामणि भट्टराई ठेगाना: कस्तुरी मार्ग १०२, जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका वडा नं. ३४
४६	दस्तखत नाम : मनिता भट्टराई ठेगाना: चूनदेवी, महाराजगंज जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका, वडा नं. ४ सम्पर्क फोन नं. ४४२६७०१ इ-मेल manoharbhattari@hotmail.com	श्री यादव खनाल	श्री दीप राज उपाध्याय	४८,०००	दस्तखत नाम : रमिता भट्टराई ठेगाना: चूनदेवी, महाराजगंज जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका वडा नं. ४
४७	दस्तखत नाम : रमिता भट्टराई ठेगाना: चूनदेवी, महाराजगंज जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका, वडा नं. ४ सम्पर्क फोन नं. ४४२७१८८ इ-मेल uttambhattari@hotmail.com	श्री लिलानाथ खनाल	श्री केदार नाथ खनाल	४८,०००	दस्तखत नाम : मनिता भट्टराई ठेगाना: चूनदेवी, महाराजगंज जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका वडा नं. ४
४८	दस्तखत नाम : श्रवण कुमार राणा ठेगाना: चुनदेवी, महाराजगंज जिल्ला काठमाण्डौं	श्री विष्णु जंग राणा	श्री कुमार जंग राणा	४०,०००	दस्तखत नाम : सुषमा राणा ठेगाना: चुनदेवी, महाराजगंज

	काठमाण्डौं महानगरपालिका, वडा नं. ४ सम्पर्क फोन नं. ४७२०११९ फ्याक्स ४२४५२३१ इ-मेल jaya@mail.com.np				जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका वडा नं. ४
४९	दस्तखत नाम : सुषमा राणा ठेगाना: चुनदेवी, महाराजगंज जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका, वडा नं. ४ सम्पर्क फोन नं. ४७२०११९ इ-मेल sushmajrana@mail.com.np	श्री केशरी प्रताप सिंह	श्री मान वहादुर सिंह	४०,०००	दस्तखत नाम : श्रवण कुमार राणा ठेगाना: चुनदेवी, महाराजगंज जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका वडा नं. ४
५०	दस्तखत नाम : तोप्यल लामा ठेगाना: विशालनगर जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका, वडा नं. २ सम्पर्क फोन नं. ४४१७०६१ इ-मेल topgyal061@hotmail.com	श्री रिन्छेन लामा	श्री पेमा लामा	४०,०००	दस्तखत नाम : अनिन राजभण्डारी ठेगाना: हितैषी मार्ग ९१, वालुवाटार जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका वडा नं. ४
५१	दस्तखत नाम : अनिन राजभण्डारी ठेगाना: हितैषी मार्ग ९१, वालुवाटार जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका वडा नं. ४ सम्पर्क फोन नं. ४४३७१३७ फ्याक्स ४४३७१३७ इ-मेल taraps@wlink.com.np	श्री आनन्द प्रसाद राजभण्डारी	श्री गंगा प्रसाद राजभण्डारी	४८,०००	दस्तखत नाम : तोप्यल लामा ठेगाना: विशालनगर जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका वडा नं. २
५२	दस्तखत नाम : राम प्रसाद श्रेष्ठ ठेगाना: वालुवाटार जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका वडा नं. ४ सम्पर्क फोन नं. ४४१६०९५ फ्याक्स ४२५००८६ इ-मेल : beesantscargo@mos.com.np	श्री तारा प्रसाद श्रेष्ठ	श्री दिल वहादुर श्रेष्ठ	४०,०००	दस्तखत नाम : लेखनाथ पाण्डे ठेगाना: वालिंग ५, जिल्ला स्यांगजा वालिंग नगरपालिका वडा नं. ५
५३	दस्तखत नाम : लेखनाथ पाण्डे ठेगाना: वालिंग ५, जिल्ला स्यांगजा वालिंग नगरपालिका वडा नं. ५ सम्पर्क फोन नं. ५५४४२०७ फ्याक्स ४७८३९९५	श्री हुमाकान्त पाण्डे	श्री प्रेम नारायण पाण्डे	२८,०००	दस्तखत नाम : राम प्रसाद श्रेष्ठ ठेगाना: वालुवाटार जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका वडा नं. ४

	इ-मेल lekhanathp@yahoo.com				
५४	दस्तखत नाम : कवीन्द्र नाथ ठाकुर ठेगाना: खुमलटार हाईट, जिल्ला ललितपुर ललितपुर उपमहानगरपालिका वडा नं. १५ सम्पर्क फोन नं. ५५२२६०७ फ्याक्स ५५९०६३१ इ-मेल exotic@wlink.com.np	श्री जगन्नाथ ठाकुर	श्री फेकु ठाकुर	२०,०००	दस्तखत नाम : कल्पना नेपाल ठेगाना: भैरहवा जिल्ला रुपन्देही सिद्धार्थनगर नगरपालिका वडा नं. ६
५५	दस्तखत नाम : कल्पना नेपाल ठेगाना: भैरहवा जिल्ला रुपन्देही सिद्धार्थनगर नगरपालिका, वडा नं. ६ सम्पर्क फोन नं. ४३५०५६५ इ-मेल bishnu@wlink.com.np	श्री गोपाल राज पन्त	श्री टंक राज पन्त	२०,०००	दस्तखत नाम : कवीन्द्र नाथ ठाकुर ठेगाना: खुमलटार हाईट, जिल्ला ललितपुर ललितपुर उपमहानगरपालिका वडा नं. १५
५६	दस्तखत नाम : जगन्नाथ ज्ञवाली ठेगाना: महाराजगंज जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका, वडा नं. ३ सम्पर्क फोन नं. ४३७२८११ फ्याक्स ३७३५६५	श्री राम नाथ ज्ञवाली	श्री छवि लाल ज्ञवाली	८०,०००	दस्तखत नाम : रम्भा पाण्डे ठेगाना: सिनामंगल जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका वडा नं. ९
५७	दस्तखत नाम : रम्भा पाण्डे ठेगाना: सिनामंगल जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका, वडा नं. ९ सम्पर्क फोन नं. ४४९४७४५	श्री मित्र प्रसाद लामिछाने	श्री जयपति लामिछाने	४०,०००	दस्तखत नाम : जगन्नाथ ज्ञवाली ठेगाना: महाराजगंज जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका वडा नं. ३
५८	दस्तखत नाम : अर्जुन प्रसाद शर्मा ठेगाना: जे.पि.मार्ग, क्षेत्रपाटी जिल्ला काठमाण्डौं, काठमाण्डौं महानगरपालिका सम्पर्क फोन नं. ४४२४२२७ फ्याक्स ४२२०९६९ इमेल: travel@mail.com.np	गोपाल प्रसाद शर्मा	श्री विष्णु दत्त शर्मा	८०,०००	दस्तखत नाम : पवित्र कुमार कार्की ठेगाना: बुढानिलकण्ठ जिल्ला काठमाण्डौं विष्णु बुढानिलकण्ठ गा.वि.स. वडा नं. ५
५९	दस्तखत नाम : पवित्र कुमार कार्की ठेगाना: बुढानिलकण्ठ जिल्ला काठमाण्डौं विष्णु बुढानिलकण्ठ गा.वि.स., वडा नं. ५ सम्पर्क फोन नं. ४३७६१७६ फ्याक्स ४२३९६५८	श्री बहादुर कार्की	श्री ललित बहादुर कार्की	१२०,०००	दस्तखत नाम : विजय क. पजियार ठेगाना: ओराही ८ जिल्ला महोत्तरी ओराही वडा न. ५

	इ-मेल dafetravel@subisu.net.np				
६०	दस्तखत नाम : प्रज्ञान जं ब. राणा ठेगाना: भाटभटेनी जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका, वडा नं. ५	श्री प्रविर ज.ब.राणा	श्री कर्जन ज.ब.राणा	५६,०००	दस्तखत नाम : आशिष भण्डारी ठेगाना: घट्टेकुलो जिल्ला काठमाडौं इनरुवा नगरपालिका,वडा नं.३४

समुह क को उप-समुह –४

६१.	दस्तखत नाम : सन्तोष विष्ट ठेगाना: ४५६ टोला ११ जिल्ला ललितपुर ललितपुर उपमहानगरपालिका, वडा नं. १४ सम्पर्क फोन नं. ५५७५९० फ्याक्स ४४३१९३७ इ-मेल santosh@hugou.org.np	श्री हिक्मत वहादुर विष्ट	श्री नर वहादुर विष्ट	१२८,०००	दस्तखत नाम : अनीता कोइराला ठेगाना: ३२ घट्टेकुलो जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका
६२.	दस्तखत नाम : अनीता कोइराला ठेगाना: ३२ घट्टेकुलो जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका	श्री शिव प्रसाद ज्ञवाली	श्री विष्णु प्रसाद ज्ञवाली	२०,०००	दस्तखत नाम : सन्तोष विष्ट ठेगाना: ४५६ टोला ११, जिल्ला ललितपुर, ललितपुर उपमहानगरपालिका, वडा नं. १४
६३	दस्तखत नाम : रजत वहादुर प्रधानांग ठेगाना: ११२ शान्त मार्ग, कमलादी जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका,वडा नं. ३१ सम्पर्क फोन नं. ४२२००४६ फ्याक्स ४२२३९९७ इ-मेल razat@mail.com.np	श्री तारा वहादुर प्रधानांग	श्री गंगा वहादुर प्रधानांग	४०,०००	दस्तखत नाम : सुलोचन राज राजभण्डारी ठेगाना: ५०१।३५ नारायणहिटी पथ, जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका वडा नं. १
६४	दस्तखत नाम : सुलोचन राज राजभण्डारी ठेगाना: ५०१।३५ नारायणहिटी पथ, जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका, वडा नं. १ सम्पर्क फोन नं. ४४४३८०५ फ्याक्स ४२४९९६२ इ-मेल prime@mos.com.np	श्री अमर राज राजभण्डारी	श्री निर राज राजभण्डारी	८०,०००	दस्तखत नाम : रजत वहादुर प्रधानांग ठेगाना: ११२ शान्त मार्ग, कमलादी जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका वडा नं. ३१
६५	दस्तखत नाम : रामधन श्रेष्ठ ठेगाना: १३ सिम्रिक मार्ग ३, वद्धनगर, नयां वानेश्वर जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका, वडा नं. १० सम्पर्क फोन नं. ४७८०१९८ इ-मेल shresthard@hotmail.com	श्री कृष्णधन श्रेष्ठ	श्री कृष्ण श्रेष्ठ	३२,०००	दस्तखत नाम : अर्जुन प्रसाद न्यौपाने ठेगाना: ओखरपौवा ४, जिल्ला नुवाकोट ओखरपौवा गा.वि.स. वडा नं. ४

६६	दस्तखत नाम : अर्जुन प्रसाद न्यौपाने ठेगाना: ओखरपौवा ४, जिल्ला नुवाकोट ओखरपौवा गा.वि.स., वडा नं. ४ सम्पर्क फोन नं. ४३८४६६३	श्री चुडामणी न्यौपाने	श्री देवनारायण न्यौपाने	४०,०००	दस्तखत नाम : रामधन श्रेष्ठ ठेगाना: १३ सिम्रिक मार्ग ३, वद्धनगर, नयां वानेश्वर जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका, वडा नं. १०
६७	दस्तखत नाम : रुपनन्दन सिंह प्रधान ठेगाना: ३/३३७ पुल्चोक जिल्ला ललितपुर, ललितपुर उपमहानगरपालिका सम्पर्क फोन नं. ५५२८६८६ फ्याक्स ४४२५९६८ इ-मेल telco@mos.np	श्री नेपाल नन्दन सिंह प्रधान	श्री विर नन्दन सिंह प्रधान	१३,७५०	दस्तखत नाम : दासी राम खनाल ठेगाना: वानेश्वर जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका वडा नं. .३४
६८	दस्तखत नाम : दिनेश प्रसाद श्रेष्ठ ठेगाना: ५३ तिलींगाटार, धापासी, जिल्ला काठमाण्डौं धापासी गा.वि.स., वडा नं. ८ सम्पर्क फोन नं. ४४१५९०७ फ्याक्स ४४२५९६८ इ-मेल dpshrestha@wlink.com.np	श्री नारायण प्रसाद श्रेष्ठ	श्री अमर वहादुर श्रेष्ठ	१३,७५०	दस्तखत नाम : हेमन्त नाहटा ठेगाना: नक्साल जिल्ला काठमाडौं काठमाडौं महानगरपालिका वडा नं. १
६९	दस्तखत नाम : हेमन्त नाहटा ठेगाना: नक्साल जिल्ला काठमाडौं काठमाडौं महानगरपालिका, वडा नं. १ सम्पर्क फोन नं. ४४१५९०७ फ्याक्स ४४२५९६८ इ-मेल hnahata@wlink.com.np	श्री वच्छराज नाहटा	श्री मगनि राम नाहटा	२७,५००	दस्तखत नाम : दिनेश प्रसाद श्रेष्ठ ठेगाना: ५३ तिलींगाटार, धापासी, जिल्ला काठमाण्डौं धापासी गा.वि.स. वडा नं. ८
७०	दस्तखत नाम : डासी राम खनाल ठेगाना: वानेश्वर, ब्लक नं ९२/६८ जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका, वडा नं. .३४ सम्पर्क फोन नं. ४४९२४०६ फ्याक्स ४४३००१४ इ-मेल om@khanal.wlink.com.np	श्री रवि लाल खनाल	श्री देवि राम खनाल	२५,०००	दस्तखत नाम : रुपनन्दन सिंह प्रधान ठेगाना: ३/३३७ पुल्चोक जिल्ला ललितपुर वडा नं ३ ललितपुर उपमहानगरपालिका
७१	दस्तखत नाम : रोडसो रियल स्टेट प्रा.लि. ठेगाना: गणेश बस्ती जिल्ला काठमाडौं काठमाण्डौं महानगरपालिका, वडा नं ४ सम्पर्क फोन नं. ४७२०१३२ इ-मेल into@roadshowhousing.com			४०८,०००	दस्तखत नाम : बुद्ध गुरुंग ठेगाना: गणेश बस्ती जिल्ला काठमाडौं काठमाण्डौं महानगरपालिका वडा नं ४
७२	दस्तखत			४१२,०००	दस्तखत

	नाम : अकारा डेभलपर्स प्रा.लि. ठेगाना: गणेश बस्ती जिल्ला काठमाडौं काठमाण्डौं महानगरपालिका, वडा नं ४ सम्पर्क फोन नं. ४७२०१३२ इ-मेल into@roadshowhousing.com.				नाम : सागर गुरुंग ठेगाना: गणेश बस्ती जिल्ला काठमाडौं काठमाण्डौं महानगरपालिका वडा नं ४
७३	दस्तखत नाम : रोशन श्रेष्ठ ठेगाना: हेटौडा, जिल्ला मकवानपुर, हेटौडा नगरपालिका सम्पर्क फोन नं. ०५७-५२०९४०	श्री अशोक श्रेष्ठ	श्री गोपाल लाल श्रेष्ठ	४०,०००	दस्तखत नाम : सुवास श्रेष्ठ ठेगाना: हेटौडा, जिल्ला मकवानपुर हेटौडा नगरपालिका
७४	दस्तखत नाम : सुवास श्रेष्ठ ठेगाना: हेटौडा, जिल्ला मकवानपुर, हेटौडा नगरपालिका सम्पर्क फोन नं. ०५७-५२०९४०	श्री अशोक श्रेष्ठ	श्री गोपाल लाल श्रेष्ठ	४०,०००	दस्तखत नाम : रोशन श्रेष्ठ ठेगाना: हेटौडा, जिल्ला मकवानपुर हेटौडा नगरपालिका
७५	दस्तखत नाम : राजेन्द्र प्रसाद कायस्थ ठेगाना: १०२।४७ चुनदेवी गणेश मार्ग, जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका, वडा नं. ४ सम्पर्क फोन नं. ४७२१३७२ इ-मेल rajendra@enet.com.np	श्री कृष्ण दास कायस्थ	श्री गंगा दास कायस्थ	४०,०००	दस्तखत नाम : रेणु भण्डारी ठेगाना: जावलाखेल, जिल्ला ललितपुर ललितपुर उपमहानगरपालिका वडा नं. ५
७६	दस्तखत नाम : रेणु भण्डारी ठेगाना: जावलाखेल, जिल्ला ललितपुर ललितपुर उपमहानगरपालिका,वडा नं. ५	श्री प्रेम सिंह सावन	श्री कृष्ण सिंह सावन	२०,०००	दस्तखत नाम : राजेन्द्र प्रसाद कायस्थ ठेगाना: १०२।४७ चुनदेवी गणेश मार्ग, जिल्ला काठमाण्डौं, काठमाण्डौं महानगरपालिका, वडा नं. ४
७७	दस्तखत नाम : राजु कार्की, ठेगाना: 8485 springfield Oaks Drive, Spring field, VA 22153, USA सम्पर्क फोन नं. ७०३-६१५-६४३७ इ-मेल karkiraju@yahoo.com	श्री राजेश कार्की	श्री अक्कल ध्वोज कार्की	२०,०००	दस्तखत नाम : आशिष भण्डारी ठेगाना: इनरुवा जिल्ला सुनसरी इनरुवा नगरपालिका वडा नं.३

१३. **<u>वैंक संस्थापकको उद्घोषण</u> :** यस प्रबन्धपत्रमा लेखिएको हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कवूल गरेको शेयर र साक्षी सम्वन्धी व्यहोरा लगायत अन्य सम्पूर्ण व्यहोराहरु ठीक सांचो छ । उल्लिखित व्यहोराको आधारमा कम्पनी दर्ता भएपछि प्रचलित कानून वमोजिम सृजना हुने सम्पूर्ण दायित्व व्यहोर्न हाम्रो मन्जुरीछ । यस दफा अनुसार हामीले गरेको उद्घोषण गलत ठहरिन गएमा प्रचलित कानून वमोजिम हुने दण्ड सजायं समेत भोग्न हाम्रो मन्जुरी छ भनी हामीले यो उद्घोषण गरेका छौं ।

समुह क को उप-समुह –१

सि.नं.	संस्थापकको नाम थर	हस्ताक्षर	ल्याप्चे सहीछाप
१.	डा. शंकर प्रसाद शर्मा		दा. वा.
२	श्री विष्णुराज अधिकारी		दा. वा.
३	श्री रेखा कुमारी शर्मा		दा. वा.
४	श्री माधुरा रेग्मी		दा. वा.
५.	श्री अभिलाशा राणा		दा. वा.

६	श्रीमति वीना महत		दा.	वा.
७	श्री सन्ध्या रेग्मी शिवाकोटी		दा.	वा.
८	श्री ज्योती रेग्मी अधिकारी		दा.	वा.
९.	श्री सुभद्रा रेग्मी		दा.	वा.
१०.	श्री वोध प्रसाद अधिकारी		दा.	वा.
११.	श्री रमा ज्ञवाली		दा.	वा.
१२.	श्री परमेश्वर प्रसाद रौनियार		दा.	वा.
१३.	श्री मीना पोखेल		दा.	वा.
१४.	श्री रमेश कोइराला		दा.	वा.
१५.	श्री गणेशराज पोखरेल		दा.	वा.
१६.	श्रीमति मोहना प्रसाइ		दा.	वा.
१७.	श्री कमल प्रसाद ज्ञवाली		दा.	वा.
१८.	श्रीमति मीरा पाण्डे		दा.	वा.
१९.	श्रीमति शक्ति कुंवर		दा.	वा.
२०.	श्री इला शर्मा		दा.	वा.

समुह क को उप-समुह -२

२१.	उषा किरण श्रेष्ठ		दा.	वा.
२२.	प्रेम वहादुर श्रेष्ठ		दा.	वा.
२३.	बद्री कुमार श्रेष्ठ		दा.	वा.
२४.	ध्रुव कुमार श्रेष्ठ		दा.	वा.
२५.	अंशु थापा		दा.	वा.
२६.	पुष्प वहादुर के.सि.		दा.	वा.
२७.	उर्मिला श्रेष्ठ		दा.	वा.
२८.	रविन्द्रमान सिंह प्रधान		दा.	वा.
२९.	उर्मिला पाण्डे		दा.	वा.
३०.	लोमस फर्मासुटीकल्स प्रा.लि.		दा.	वा.
३१.	प्रताप जंग पाण्डे		दा.	वा.
३२.	पोष राज पाण्डे		दा.	वा.
३३.	सोनी जोशी		दा.	वा.
३४	अनिल कुमार ढुंगेल		दा.	वा.
३५.	विजेन जोशी		दा.	वा.
३६.	भोला विक्रम थापा		दा.	वा.

समुह क को उप-समुह -३

३७	सिद्धार्थ विक्रम थापा		दा.	वा.
३८	रमेश शर्मा		दा.	वा.
३९	नरेन्द्र कुमार देव भट्ट		दा.	वा.
४०	राजेस खडका		दा.	वा.
४१	वावु राम पोखरेल		दा.	वा.
४२	राम गोपाल श्रेष्ठ		दा.	वा.
४३	सावित्री शर्मा		दा.	वा.
४४	चिन्तामणि भट्टराई		दा.	वा.
४५	मनोहर दास मुल		दा.	वा.
४६	मनिता भट्टराई		दा.	वा.
४७	रमिता भट्टराई		दा.	वा.

४८	श्रवण कुमार राणा		दा.	वा.
४९	सुषमा राणा		दा.	वा.
५०	तोप्यल लामा		दा.	वा.
५१	अनिन राजभण्डारी		दा.	वा.
५२	राम प्रसाद श्रेष्ठ		दा.	वा.
५३	लेखनाथ पाण्डे		दा.	वा.
५४	कवीन्द्र नाथ ठाकुर		दा.	वा.
५५	कल्पना नेपाल		दा.	वा.
५६	जगन्नाथ ज्ञवाली		दा.	वा.
५७	रम्भा पाण्डे		दा.	वा.
५८	अर्जुन प्रसाद शर्मा		दा.	वा.
५९	पवित्र कुमार कार्की		दा.	वा.
६०	प्रज्ञा जंग राणा		दा.	वा.

समुह क को उप-समुह -४

६१.	सन्तोष विष्ट		दा.	वा.
६२.	अनीता कोइराला		दा.	वा.
६३	रजत वहादुर प्रधानांग		दा.	वा.
६४	सुलोचन राज राजभण्डारी		दा.	वा.
६५	रामधन श्रेष्ठ		दा.	वा.
६६	अर्जुन प्रसाद न्यौपाने		दा.	वा.
६७	रुपनन्दन सिंह प्रधान		दा.	वा.
६८	दिनेश प्रसाद श्रेष्ठ		दा.	वा.
६९	हेमन्त नाहटा		दा.	वा.
७०	दासी राम खनाल		दा.	वा.
७१	रोडसो रियल स्टेट प्रा.लि.		दा.	वा.
७२	अकारा डेभलपर्स प्रा.लि.		दा.	वा.
७३	रोशन श्रेष्ठ		दा.	वा.
७४	सुवास श्रेष्ठ		दा.	वा.
७५	राजेन्द्र प्रसाद कायस्थ		दा.	वा.
७६	रेणु भण्डारी		दा.	वा.
७७	राजु कार्की		दा.	वा.

कम्पनी अध्यादेश, २०६२ अन्तर्गत संस्थापित
सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
नियमावली

१. **कम्पनीको नाम** : यस कम्पनीको नाम "सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा Citizens Bank International Limited भनिनेछ, जसलाई यस पछि "बैंक" भनिएको छ ।

२[१]. **बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना** : यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय वागमती अञ्चल काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं १ नाराणहिटी पथमा रहनेछ र नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रहेर शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिनेछ ।

३. **बैंकको उद्देश्य** : यस बैंकको उद्देश्य प्रबन्धपत्रको दफा ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

४. **बैंकको साधारण सभा बोलाउने तरिका र साधारण सभाका लागि दिनुपर्ने सूचना सम्बन्धी कुराहरु** : (१) यस बैंकको साधारण सभा देहाय बमोजिम हुनेछ :-

(क) वार्षिक साधारण सभा, र

(ख) विशेष साधारण सभा

(२) यस बैंकको प्रथम वार्षिक साधारण सभा बैंकले कारोवार शुरू गर्ने इजाजतपत्र पाएको मितिले एक वर्ष भित्रमा गरिनेछ र त्यसपछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र गरिनेछ ।

(३) यस बैंकको वार्षिक साधारण सभा गर्नका लागि संचालक समितिको बहुमतले निर्णय गरी संचालक समितिको अध्यक्षले कम्तिमा २१ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तिमा १५ दिन अगावै साधारण सभा हुने ठाउं, मिति र छलफल गर्ने विषय खोली सबै शेयरधनीलाई सूचना दिइने छ ।

(४) उपनियम (३) बमोजिम अध्यक्षले संचालक समितिको बैठक गराई साधारण सभा नबोलाएमा वा अध्यक्षले बैंक छाडी सम्पर्क विहिन भएमा वा निज देश बाहिर रहे बसेमा वा काबू बाहिरको परिस्थितिले निजले संचालक समितिको बैठक तथा साधारण सभामा उपस्थित हुन नसक्ने अवस्था भएमा संचालक समितिको कम्तिमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भै कारण खुलाई साधारण सभा बस्ने निर्णय गर्न सक्नेछन् । यसरी गरिएको निर्णयलाई राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक रुपले प्रकाशन गरी साधारण सभा बस्ने सम्बन्धमा शेयरधनीलाई सूचना गरिनेछ । यसरी बस्ने संचालक समिति र साधारण सभाको अध्यक्षता सम्बन्धित संचालकले आफू मध्येबाट छानेको व्यक्तिले गर्नेछ ।

(५) उपनियम (३) वा (४) बमोजिम बोलाइएको साधारण सभामा नियम ५ बमोजिमको गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ दिनको म्याद दिई पुनः साधारण सभा बोलाइनेछ । यस्तो सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गरेमा रीतपूर्वकको सूचना दिएको मानिनेछ ।

---

१. दशौं संशोधनवाट संशोधित । संशोधन पहिले यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय वागमती अञ्चल काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं ३१ नाराणहिटी पथमा रहनेछ र आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई शाखा, उपशाखा वा अन्य कार्यालय खोली अन्य स्थानहरुमा समेत कारोबार गर्न सकिनेछ ।"

५. **गणपूरक संख्या** [१क]: बाँडफाँड भएको कुल साधारण शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल साधारण शेयरधनीहरु मध्ये कम्तिमा ३ जना साधारण शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित नभई साधारण सभाको काम कारवाही हुने छैन ।

तर, नियम ४ को उपनियम (५) मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारण सभामा कूल शेयर संख्याको २५ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कम्तिमा ३ जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित भएमा साधारण सभा गर्न बाधा पर्ने छैन ।

६. **साधारण सभाको कार्यविधि** :

(१) साधारण सभाको अध्यक्षता संचालक समितिको अध्यक्षले गर्नेछ ।

(२) संचालक समितिको अध्यक्ष अनुपस्थित भएमा उपस्थित संचालकहरुले आफू मध्येबाट छानेको संचालकले साधारण सभाको अध्यक्षता गर्नेछ ।

(३) साधारण सभा शुरु हुनु अघि सभाको वैधता बारे छलफल गरी गणपूरक संख्या पुगे नपुगेको यकिन गरिनेछ ।

(४) गणपूरक संख्या पुगेको पाइएमा साधारण सभा विधिवत् सञ्चालन गर्न अध्यक्षले अनुमति दिनेछ ।

(५) साधारण सभाको विषय सूची (एजेण्डा) को रुपमा प्रस्तावहरु प्रस्तुत हुनेछन् र प्रत्येक प्रस्तावमा छलफल गरिनेछ । एउटा प्रस्तावमा निर्णय नभइञ्जेल अर्को प्रस्तावमा प्रवेश गरिने छैन ।

(६) साधारण सभामा अध्यक्षले तोके बमोजिम शेयरधनीले आवश्यकतानुसार पालैपालोसंग बोल्ने गरी छलफलमा भाग लिने छन् ।

(७) साधारण सभामा मत बराबर भएमा अध्यक्षको मत निर्णायक हुनेछ ।

(८) साधारण सभामा छलफलका लागि पेश भएका प्रस्तावहरु मध्ये सबै वा कुनै प्रस्ताव उपर छलफल एवं निर्णय हुन बाँकी रहेको अवस्थामा सो सभाको अर्को बैठक सात दिन भित्र लगत्तै बस्न सक्नेछ । सो सभामा त्यस्तो प्रस्ताव स्वतः समावेश भएको मानी सो प्रस्ताव उपर पहिले निर्णय गरी अन्य प्रस्ताव उपर छलफल गर्नु पर्नेछ ।

(९) साधारण सभामा पेश नभएका प्रस्ताव उपर निर्णय गर्न पाइने छैन ।

तर साधारण सभामा उपस्थित कूल शेयरधनीहरु बीच सहमति भई कुनै विषयमा सर्वसम्मत निर्णय भएमा कुनै नयाँ प्रस्ताव प्रस्तुत गर्न सकिनेछ ।

१क. अठारौं साधारण सभाबाट संशोधित । संशोधन पहिले "बाँडफाँड भएको कूल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित नभई साधारण सभाको काम कारवाही हुने छैन ।

तर, नियम ४ को उपनियम (५) मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारण सभामा कूल शेयर संख्याको २५ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कम्तिमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित भएमा साधारण सभा गर्न बाधा पर्ने छैन ।"

७. **विशेष साधारण सभा** : (१) कम्पनी कानूनमा उल्लेख भए बमोजिमको विशेष साधारण सभा बोलाउन सकिने वा बोलाउनु पर्ने कुनै अवस्था उत्पन्न भएमा बैंकको विशेष साधारण सभा बोलाइनेछ ।

(२) विशेष साधारण सभा सम्बन्धी अन्य व्यवस्थाहरु वार्षिक साधारण सभा सरह हुनेछ ।

८. **संचालकको संख्या र कार्यकाल** : (१) बैंकको संचालकहरूको नियुक्ति र निर्वाचन प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनको अधीनमा रही वार्षिक साधारण सभाबाट हुनेछ ।

तर व्यावसायिक विशेषज्ञ संचालकको नियुक्ति संचालक समितिले गर्नेछ ।

(२)[२] यस बैंकमा कम्तीमा एक जना महिला सहित सात जनाको संचालक समिति हुनेछ । सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ :-

(क)[३] संस्थापक समूहका शेयरधनी समुहबाट आपसी समझदारीवाट मनोनित वा निर्वाचित (३) तीन जना ।

(ख)[४] .....

(ग)[५] सर्वसाधारण समूहका शेयरधनी समूह "ख" बाट निर्वाचित (३) तीन जना ।

(ग१)[६] .....

(घ)[७] कम्पनी ऐन २०६३ ले तोके बमोजिम तथा नेपाल राष्ट्र बैंकले तोकेको विषयमा स्नातकोत्तर गरी राष्ट्र बैंकले तोके बमोजिम अनुभव प्राप्त व्यक्तिहरुबाट संचालक समितिले नियुक्त गरेको स्वतन्त्र संचालक (१) एक जना ।

(३)[८] संचालकहरुको कार्यकाल बढीमा चार वर्षको हुनेछ । निजको पुन:नियुक्ति तथा मनोनित हुन सक्नेछ । तर स्वतन्त्र संचालक एक कार्यकालका लागि मात्र नियुक्त हुन सक्नेछ ।

(३)(क)[९] नियम ८(३) मा जुनसुकै कुरा लेखिएको भएता पनि बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ प्रारम्भ भएपछि नियुक्त भएको प्रबन्ध संचालक लगातार दुई कार्यकालसम्म मात्र रहन सक्नेछ ।

---

२. दशौं संशोधनवाट संशोधित । संशोधन पहिले "यस बैकमा नौ जनाको संचालक समिति हुनेछ । सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ"

३. दशौं संशोधनबाट संशोधित । संशोधन पहिले " संस्थापक समूहका शेयरधनी समुहबाट आपसी समझदारीवाट मनोनित वा निर्वाचित ५ (पांच) जना ।"

४. पहिलो संशोधनवाट हटाईएको । संशोधन पहिले "सर्वसाधारण शेयरधनी संगठित संघसंस्थाहरु "समूह ख-१" बाट आपसी समझदारीवाट मनोनित वा निर्वाचित एक जना"

५. दशौं संशोधनवाट संशोधित । संशोधन पहिले "सर्वसाधारण समूहका शेयरधनी समूह "ख" बाट निर्वाचित तीन जना ।"

६. नवौं संशोधनवाट संशोधित । संशोधन पहिले "संस्थापक शेयरधनीहरुबाट सर्वसाधारण समूहमा परिणत गरिएको १७.४५ प्रतिशत शेयरका सर्वसाधारण शेयरधनी "समूह ख १" बाट निर्वाचित एक जना ।"

७. दशौं संशोधनवाट संशोधित । संशोधन पहिले "नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञहरूको सूचीबाट संचालक समितिले नियुक्त गरेको व्यावसायिक संचालक एक जना ।

८. दशौं संशोधनवाट संशोधित । संशोधन पहिले संचालकहरुको कार्यकाल चार वर्षको हुनेछ ।"

९. दशौं संशोधनवाट थप गरिएको ।

(४) वार्षिक साधारण सभा हुनु भन्दा अगावै कुनै संचालकको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि संचालकको नियुक्ति संचालक समितिद्वारा गर्न सकिने छ । कुनै संचालकको पद त्यसरी रिक्त भएमा नयाँ नियुक्त संचालकको कार्यकाल रिक्त भएको संचालकको बाँकी कार्याकाल सम्मका लागि मात्र हुनेछ ।

तर, कुनै संगठित संस्था, बिदेशी बैंक वा वित्तीय संस्थाले शेयर लिएको अवस्थामा सो संस्थाबाट मनोनित संचालकको पद रिक्त भएमा सोही संस्थाले अर्को संचालक नियुक्ति गर्न सक्ने छ ।

(५) कुनै संगठित संस्था, विदेशी बैंक वा वित्तीय संस्थाले बैंकको शेयर लिएको भए आफूले लिएको शेयरको अनुपातमा संचालक नियुक्त गर्दा निजको अनुपस्थितिमा काम गर्न सक्ने गरी वैकल्पिक संचालक समेत नियुक्त गर्न सक्नेछ ।

(६) संचालकहरुले आफू मध्ये बहुमतबाट छानेको कुनै एक जना संचालक समितिको अध्यक्ष हुनेछ ।

(७) वैंकको प्रथम साधारण सभा नभएसम्मको अवधिको लागी देहाय बमोजिमका व्यक्तिहरु रहेको संचालक समिति गठन गरिएको छ ।

१.	डा. शंकर प्रसाद शर्मा	अध्यक्ष
२.	श्री प्रदीप जंङ्ग पाण्डे	सदस्य
३.	श्री भोला विक्रम थापा	सदस्य
४.	श्री विष्णु राज अधिकारी	सदस्य
५.	श्री राजेन्द्र प्रसाद कायष्थ	सदस्य

९. **संचालक समितिको बैठक कसले बोलाउने हो सो कुरा उल्लेख गर्ने** : संचालक समितिको वैठक अध्यक्षको आदेश बमोजिम कम्पनी सचिवले बोलाउनेछ ।

१०. **संचालक समितिको बैठक** : (१) संचालक समितिको बैठक आवश्यकता अनुसार नियम ९ मा उल्लेखित पदाधिकारीले बोलाउने छ । कूल संचालक संख्याको कम्तीमा एक तिहाई संचालकहरुले लिखित अनुरोध गरेमा त्यस्तो पदाधिकारीले पन्ध्र दिन भित्र संचालक समितिको बैठक बोलाउनु पर्नेछ । यसरी निजले पन्ध्र दिन भित्र बैठक नबोलाएमा सो कुरा खुलाई कम्पनी रजिष्ट्रारको कार्यालयमा संचालक समितिको बैठक बोलाउन निवेदन दिन सकिनेछ । यसरी प्राप्त भएको निवेदन उपर सो कार्यालयले छानवीन गरी अध्यक्षले बैठक नबोलाएको पाइएमा उक्त कार्यालयले एकाउन्न प्रतिशत संचालकको उपस्थितिमा बैठक बस्न अनुमति दिन सक्नेछ ।

(२) संचालक समितिको बैठकमा संचालकहरु स्वयम् उपस्थित हुनु पर्नेछ ।

(३) संचालकहरुको जम्मा संख्याको कम्तिमा एकाउन्न प्रतिशत संचालकहरु उपस्थित नभई संचालक समितिको बैठक हुने छैन ।

तर उक्त संख्यामा संचालकहरु उपस्थित नभएको कारणले संचालक समितिको बैठक बस्न नसकेमा कम्तिमा तीन दिनको सूचना दिई अर्को वैठक बोलाउन सकिनेछ । त्यस्तो वैठकमा पनि यस उपनियममा उल्लेखित संख्यामा संचालकहरु उपस्थित नभएमा उपस्थित संचालकहरुले गरेको काम कारबाही तथा निर्णय मान्य हुनेछ ।

(४) संचालक समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा बैठकमा उपस्थित संचालकहरुले आफूहरु मध्येबाट छानेको संचालकले अध्यक्षता गर्नेछ ।

(५) संचालक समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा मात्र अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

(६)[१०] संचालक समितिको बैठक वर्षमा कम्तिमा बाह्र पटक बस्नु पर्नेछ । तर दुई वटा बैठकको बीचको फरक (६०) साठी दिन भन्दा बढी हुने छैन ।

(७)[११] बैठक बस्ने समय, मिति, स्थान, छलफलमा पेश गरिने विषय सूची समेत खुलाई बैठक बोलाउने पदाधिकारीले बैठक हुनु भन्दा कम्तिमा ३ दिन अगावै संचालकहरुलाई सूचना पठाउनु पर्नेछ र यस्तो सूचना फ्याक्स वा ईमेल मार्फत पनि पठाउन सकिने छ । यसरी बोलाइएको बैठकमा विषय सूचीमा नपरेका विषयहरुमा पनि अध्यक्षले अनुमति दिएमा छलफल गर्न सकिनेछ ।

(८)[१२] उप नियम (७) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै आकस्मिक विषयमा संचालक समितिको बैठक बोलाउन आवश्यक देखिएमा अध्यक्षको आदेश वा स्वीकृतिले ३ दिनको पूर्व सूचना बिना पनि संचालक समितिको बैठक बोलाउन सकिने छ ।

(९) संचालक समितिको बैठकमा उपस्थित संचालकहरु, छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माइन्यूट) छुट्टै किताबमा लेखी अभिलेख राख्नु पर्नेछ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण संचालकहरुले सही गर्नु पर्नेछ ।

(१०) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संचालक समितिले गर्न पाउने कुनै कामको सम्बन्धमा संचालक समितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिना पनि गर्न सकिनेछ । त्यसरी भएको सहमतिलाई संचालक समितिको बैठकको निर्णय सरह मानिनेछ ।

(११) कुनै संचालकलाई हटाउनु पर्ने अवस्था परेमा जुन समूहबाट संचालक निर्वाचित भएको हो सोही समूहको बहुमत शेयरधनीले बैंकको साधारण सभाबाट प्रस्ताव पारित गरी संचालकलाई हटाउन सकिनेछ । यसरी रिक्त भएको स्थानमा बाँकी अवधिको लागि सोही समूहले अर्को संचालकको निर्वाचन गर्न समेत सक्नेछ ।

(१२) संचालक समिति सम्बन्धी अन्य कुराहरू प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून तथा कम्पनी कानूनमा व्यवस्था भए अनुरूप हुनेछ ।

---

१०. दशौं संशोधनवाट संशोधित । संशोधन पहिले "संचालक समितिको बैठक वर्षमा कम्तिमा बाह्र पटक बस्नु पर्नेछ । तर दुई वटा बैठकको बीचको फरक दुई महिना भन्दा बढी हुने छैन ।"

११. पहिलो संशोधनवाट संशोधित । संशोधन पहिले " बैठक बस्ने समय, मिति, स्थान, छलफलमा पेश गरिने विषय सूची समेत खुलाई बैठक बोलाउने पदाधिकारीले बैठक हुनुभन्दा कम्तिमा ७ दिन अगावै संचालकहरुलाई सूचना पठाउनु पर्नेछ र यस्तो सूचना फ्याक्स वा ईमेलमार्फत पनि पठाउन सकिने छ । यसरी बोलाइएको बैठकमा विषय सूचीमा नपरेका विषयहरुमा पनि अध्यक्षले अनुमति दिएमा छलफल गर्न सकिने छ ।"

१२. पहिलो संशोधनवाट संशोधित । संशोधन पहिले "उप नियम (७) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै आकस्मिक विषयमा संचालक समितिको बैठक बोलाउन आवश्यक देखिएमा अध्यक्षको आदेश वा स्वीकृतिले ७ दिनको पूर्व सूचना बिना पनि संचालक समितिको बैठक बोलाउन सकिने छ

११. **संचालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था** : (१) बैंकको संचालकहरूको नियुक्ति प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनको अधिनमा रही साधारण सभाबाट हुनेछ र व्यावसायिक विशेषज्ञ संचालकको नियुक्ति संचालक समितिले गर्नेछ ।तर, कुनै संगठित संस्था, विदेशी बैंक वा वित्तीय संस्थाले शेयर लिएको अवस्थामा सो संस्थाले आफूले लिएको शेयरको अनुपातमा हुन आउने संचालक नियुक्त गर्न र निजको अनुपस्थितिमा काम गर्न सक्ने गरी वैकल्पिक संचालक समेत नियुक्त गर्न सक्नेछ ।

(२) संचालकको पदमा नियुक्त हुन देहायको योग्यता पुगेको हुनु पर्नेछ :-

(क) नियम १३ मा उल्लेखित शेयर आफ्नो नाममा लिएको वा शेयर लिनु नपर्ने छुट भएको,

(ख) प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनले तोकेको योग्यता पुगेको तथा सोही कानून र कम्पनी कानून बमोजिम अयोग्य नभएको ।

(ग)[१३] संचालकमा नियुक्त हुन कम्पनी ऐन २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिमको शैक्षिक योग्यता तथा कार्यअनुभव आवश्यक हुनेछ ।

(अ) विदेशी वा स्वदेशी बैंक तथा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रमा संगठित संस्थाको संचालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको कम्तीमा अधिकृत स्तरमा कम्तीमा पाँच बर्ष काम गरेका, वा

(आ) स्नातक उपाधि हासिल गरेको र विदेशी वा स्वदेशी बैंक वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका संगठित संस्थाको संचालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको कम्तीमा अधिकृत स्तरमा कम्तीमा तीन बर्ष काम गरेको, वा

(इ) व्यवस्थापन, बैंकिङ्ग, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्याङ्कशास्त्र, गणितशास्त्र, व्यापार प्रशासन, जनप्रशासन वा कानून विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको । वा

(ई) नेपाल राष्ट्र बैंकले समय समयमा तोकेको योग्यता तथा कार्यअनुभव रहेको ।

१२. **साधारण सभा तथा संचालक समितिको निर्णयको अभिलेख र त्यसको प्रतिलिपि तथा निरीक्षण सम्बन्धी व्यवस्था** : (१) साधारण सभा तथा संचालक समितिको निर्णयको अभिलेख नियम १० बमोजिम निर्णय पुस्तिका (माइन्यूट बुक) मा लेखी हस्ताक्षर समेत गराई राख्नु पर्नेछ ।

(२) बैंकका निर्णयहरु शेयरधनीहरुले हेर्न चाहेमा कार्यालय समय भित्र देखाउनु पर्नेछ । प्रतिलिपि आवश्यक परी शेयरधनीबाट माग भएमा प्रति पृष्ठ रु. १०।- (रुपैयाँ दश मात्र) को दस्तुर लिई कम्पनी सचिवले प्रतिलिपि प्रमाणित गरी दिनु पर्नेछ ।

---

१३. दशौं संशोधनवाट थप गरिएको ।

१३. **संचालक हुन लिनु पर्ने न्यूनतम शेयर संख्या :** (१) बैंकको संचालक हुने व्यक्तिले आफ्नो नाममा उपनियम (२) मा उल्लेखित संख्यामा न्यूनतम शेयर लिएको हुनु पर्नेछ ।

(२)[१४] यस बैंकको संचालक पदमा नियुक्त हुनको लागि आफ्नो नाममा कम्तिमा १० (दश) थान साधारण शेयर लिएको हुनु पर्नेछ ।

तर, नेपाल राष्ट्र बैंकले तोकेको बिषयमा स्नातकोत्तर गरी राष्ट्र बैंकले तोके बमोजिम अनुभव प्राप्त व्यक्ति स्वतन्त्र संचालक तथा संस्थागत शेयरधनीको प्रतिनिधिको रुपमा मनोनयन भएको संचालकहरुको हकमा तथा विदेशी बैंक वा वित्तीय संस्था वा संगठित संस्थाले बैंकमा शेयर लगानी गरी संचालक मनोनयन गरेको अवस्थामा त्यस्तो संचालकले व्यक्तिगत हैसियतले त्यस्तो न्यूनतम शेयर लिन आवश्यक हुने छैन ।

१४. **प्रोक्सी मत सम्बन्धी व्यवस्था** : (१) कुनै शेयरधनी स्वयम् साधारण सभामा उपस्थित हुन नसकी सो सभामा उपस्थित हुन र आफ्नो मत प्रयोग गर्न पाउने गरी प्रतिनिधि नियुक्त गर्नु पर्दा बैंकको अर्को कुनै शेयरधनी बाहेक अन्य कसैलाई प्रतिनिधि नियुक्त गर्न (प्रोक्सी दिन) पाइने छैन ।

(२) एक भन्दा बढी व्यक्तिहरुले साझा गरी शेयर लिएको भएमा त्यस्तो व्यक्तिले साधारण सभामा भाग लिने बारेमा साझा गरी एक जना भन्दा बढी व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्तो साझेदारहरूद्वारा नियुक्त गरिएको साझेदारले वा निजले उपनियम (१) बमोजिम नियुक्त गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार नियुक्त हुन नसकेकोमा शेयरधनीहरूको दर्ता किताबमा सो साझेदार मध्ये जसको नाम क्रमानुसार अघि लेखिएको छ सोही साझेदारले दिएको मत वा प्रतिनिधि पत्र मात्र मान्य हुनेछ ।

१५[१४क]. **मतदान गर्ने अधिकार** : (१) प्रचलित कम्पनी कानून वा यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक प्रत्येक साधारण शेयरधनीले आफूले लिएको प्रत्येक साधारण शेयर बापत एउटा मत दिने अधिकार हुनेछ ।

(२) अविमोच्य असञ्चिति अग्राधिकार शेयरधनीलाई मत दिने अधिकार हुने छैन ।

१६. **शेयरधनी बाहेकको अन्य कुनै व्यावसायिक व्यक्तिलाई संचालक नियुक्ति गर्ने भए निजहरुको संख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रक्रिया सम्बन्धी व्यवस्था :** (१) प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनले व्यवस्था गरे बमोजिम नेपाल राष्ट्र बैंकले कायम गरेको व्यावसायिक विशेषज्ञहरूको सूचीबाट संचालक समितिले एक (१) जना व्यावसायिक संचालक नियुक्त गर्नेछ ।

(२) निजको कार्यकाल ४ वर्षको हुनेछ ।

(३) निजको काम, कर्तव्य, अधिकार तथा सुविधा अन्य संचालक सरह हुनेछ ।

---

१४. अठारौं साधारण सभाबाट संशोधित । संशोधन पहिले "यस बैंकको संचालक पदमा नियुक्त हुनको लागि आफ्नो नाममा कम्तिमा १० (दश) थान शेयर लिएको हुनु पर्नेछ ।

१४क. अठारौं साधारण सभाबाट संशोधित । संशोधन पहिले "(१) प्रचलित कम्पनी कानून वा यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक प्रत्येक शेयरधनीले आफूले लिएको प्रत्येक शेयर बापत एउटा मत दिने अधिकार हुनेछ ।

(२) फरक मताधिकार भएका शेयरहरु जारी गरिएको छैन ।

१७. **स्वतन्त्र संचालक सम्बन्धी व्यवस्था, संख्या र योग्यता** : बैंकमा नेपाल राष्ट्र बैंकले प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनले तोकेको व्यवस्थाको अधिनमा रही कायम गरेको व्यवसायिक विशेषज्ञहरूको सूचीबाट संचालक समितिले नियुक्ति गरेको १ जना व्यावसायिक संचालक नै स्वतन्त्र संचालकको रुपमा रहनेछ। निजको काम, कर्तव्य, अधिकार तथा सुविधा र कार्यकाल नियम १६ मा उल्लेख भए बमोजिम हुनेछ।

१८. **प्रवन्ध संचालक सम्बन्धी व्यबस्था (रहने वा नरहने सो उल्लेख गर्ने)** : हाल बैंकमा प्रवन्ध संचालक रहने छैन। संचालक समितिले आवश्यक देखेमा प्रवन्ध संचालक रहने व्यवस्था गर्न सक्नेछ र प्रवन्ध संचालक रहने भएमा नियम २० को प्रमुख कार्यकारी अधिकृत रहने छैन।

१९. **प्रवन्ध संचालक रहने हो भने निजको योग्यता, पारिश्रमिक तथा सेवाका अन्य शर्त र काम, कर्तव्य, अधिकार खुलाउने** :

(१) प्रबन्ध संचालकको योग्यता प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनमा तोकिए बमोजिम हुनेछ।

(२) प्रबन्ध संचालकको पारिश्रमिक र सेवाको अन्य शर्त संचालक समितिले तोके बमोजिम हुनेछ।

(३) प्रबन्ध संचालकको काम, कर्तव्य र अधिकार प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशनमा उल्लेख भए बमोजिम हुनेछ।

२०. **प्रवन्ध संचालक नरहने हो भने प्रमुख कार्यकारी अधिकृत, महाप्रवन्धक वा अन्य कुन पदाधिकारी प्रमुख हुने हो सो खुलाउने** :(१) बैंकको दैनिक कारोवार सुव्यवस्थित तवरले संचालन गर्न प्रमुख प्रशासकको रुपमा संचालक समितिले योग्य व्यक्ति वा व्यवस्थापन सम्वन्धी परामर्शदाता फर्मलाई प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्त गर्नेछ।

(२) संचालक समितिले प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून र नियमावलीको अधिनमा रही बैंकको कार्यकारी प्रमुखको नियुक्ति गर्नेछ।

(३) कार्यकारी प्रमुख बैंकको प्रमुख प्रशासक हुनेछ।

(४)[१५]कार्यकारी प्रमुखको कार्यकाल बढीमा चार बर्षको हुनेछ र निज अर्को एक कार्यकालका लागि पुनःनियुक्ति हुन सक्नेछ। यो व्यवस्था बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ प्रारम्भ भए पछि मात्र लागु हुनेछ।

(५) कार्यकारी प्रमुखको पारिश्रमिक र सेवाको अन्य शर्त संचालक समितिले तोके बमोजिम हुनेछ।

(६)कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) संचालक समितिको निर्णय लागू गर्ने र प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, प्रबन्धपत्र र यस नियमावलीको अधिनमा रही बैंकको काम कारवाही तथा कारोवारको रेखदेख र नियन्त्रण गर्ने,

(ख) बैंकको वार्षिक बजेट र कार्ययोजना तयार गरी स्वीकृतिको लागि संचालक समिति समक्ष पेश गर्ने,

(ग) बैंकको कर्मचारी विनियमावलीको अधिनमा रही आवश्यक जनशक्ति व्यवस्थापन गर्ने,

(घ) संचालक समिति र साधारण सभाद्वारा गरिएका निर्णय र नेपाल राष्ट्र बैंकद्वारा दिइएका निर्देशनहरु कार्यान्वयन गर्ने गराउने,

(ङ) प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, प्रबन्धपत्र र यस नियमावलीको अधिनमा रही बैंकले नेपाल राष्ट्र बैंक वा अन्य कुनै निकायमा पेश गर्नु पर्ने विवरण, कागजात, निर्णय आदि यथासमयमा पेश गर्ने,

(च) बैंक सञ्चालन गर्ने सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने।

(७) कार्यकारी प्रमुख आफ्नो कामको निमित्त संचालक समिति प्रति उत्तरदायी हुनेछ।

---

१५. दशौं संशोधनवाट संशोधित। संशोधन पहिले "कार्यकारी प्रमुखको पदावधि चार बर्षको हुनेछ र निजको पुनर्नियुक्ति हुन सक्नेछ।

२१. **संचालक समितिको अधिकार र कर्तव्य :** संचालक समितिको अधिकार र कर्तव्य प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनमा उल्लेख भए बमोजिम तथा सो मा उल्लेख नभएकोमा कम्पनी सम्बन्धी कानूनमा व्यवस्था गरिए अनुरुप हुनेछ ।

२२. **शेयरमा लियन रहने कुरा** : शेयरधनीहरुले बैंकलाई तिर्न बाँकी रहेको शेयरको रकम वा कानून बमोजिम बैंकलाई बुझाउनु पर्ने बाँकी रकम वापत निजहरुका नाममा दर्ता भएको शेयर र सो वापत बांडिने लाभांश समेतमा बैंकको लियन वा दावी रहनेछ ।

२३[१५क]. **विभिन्न वर्गका शेयर जारी गर्ने भए सो को विवरण र शेयरधनीको हक तथा विशेष सुविधाको विवरण** : बैंकको शेयर साधारण शेयर र अविमोच्य असञ्चिति अग्राधिकार शेयर वर्गमा बिभाजित गरिएको छ । अविमोच्य असञ्चिति अग्राधिकार शेयर र साधारण शेयरको समूहगत संरचना प्रबन्धपत्रको दफा ५ मा उल्लेख गरिए बमोजिम हुनेछ ।

२४[१५ख]**अग्राधिकार शेयर सम्बन्धी व्यवस्था**: प्रचलित कानूनको अधिनमा रही नेपाल राष्ट्र बैंकको स्वीकृति लिई साधारण सभामा प्रस्ताव पारित गरी बैंकले पूँजीको आवश्यकता अनुसार अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी गर्न सक्नेछ । अविमोच्य असञ्चिति अग्राधिकार शेयरमा प्रदान गर्ने लाभांश दर उक्त शेयर जारी गर्दा तोकिए बमोजिम हुनेछ र लाभांश वितरण गर्ने वा नगर्ने सम्बन्धी निर्णय गर्ने सम्पूर्ण अधिकार बैंकमा निहित हुनेछ । अविमोच्य असञ्चिति अग्राधिकार शेयरको लाभांश वितरण नाफा नोक्सान बाँडफाँड हिसाबमार्फत् चालु आर्थिक वर्षको मुनाफाबाट मात्र गरिनेछ र यदि कुनै आर्थिक वर्षमा लाभांश वितरण नभएमा उक्त लाभांश आगामि आर्थिक वर्षमा जोडिदैं जाने छैन ।

२५. **शेयर वापतको रकमको भुक्तानीको माग तथा शेयर जफत सम्बन्धी व्यवस्था** : बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून र कम्पनी कानूनको अधिनमा रही बैंकले आवश्यकतानुसार शेयर वापतको रकमको भुक्तानी माग गर्नेछ । शेयर वापतको रकमको भुक्तानी तथा शेयर जफत सम्बन्धी अन्य कुरामा कम्पनी कानूनमा गरिएको व्यवस्था लागू हुनेछ ।

२६. **शेयर हस्तान्तरण सम्बन्धी व्यवस्था** : (१) बैंकको कुनै शेयरधनीले आफ्नो शेयर अर्को व्यक्तिलाई बिक्री गरेमा शेयर खरिद गर्ने व्यक्तिले त्यस्तो शेयर दाखिल खारेज गर्नको निमित्त नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको ढांचामा तोकिएको दस्तुर, शेयर खरिद बिक्रीसंग सम्बन्धित लिखत र शेयरको प्रमाण पत्र सहित बैंकको रजिष्टर्ड कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा बैंकले प्रवन्धपत्रको दफा ७ को अधिनमा रही दर्ता कितावमा साविक शेयरधनीको नाम खारेज गरी हालको शेयरधनीको नाम दर्ता गर्नेछ ।

(३) संस्थापक वर्गको शेयर हस्तान्तरण सम्बन्धी व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, कम्पनी तथा धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

२७. **शेयर पूँजी थपघट गर्ने कुरा** : बैंकको शेयर पूँजी थप घट गर्ने व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, नेपाल राष्ट्र बैंकबाट जारी गरिएको निर्देशन र प्रचलित कम्पनी कानूनमा उल्लेखित प्रावधान अनुरुप हुनेछ ।

२८. **आफ्नो शेयर आफै खरिद गर्ने सम्बन्धी व्यवस्था** : बैंकले आफ्नो शेयर आफैं खरिद गर्दा बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, कम्पनी सम्बन्धी कानून तथा प्रचलित अन्य कानूनी व्यवस्थाको अधिनमा रही गरिनेछ ।

१५क अठारौं साधारण सभाबाट संशोधित । संशोधन पहिले साधारण शेयर बाहेक अन्य वर्गका शेयरको सम्बन्धमा हाललाई कुनै व्यवस्था गरिएको छैन । साधारण शेयरको समूहगत संरचना प्रबन्धपत्रको दफा ५ मा उल्लेख गरिए बमोजिम हुनेछ ।

१५ख अठारौं साधारण सभाबाट संशोधित । संशोधन पहिले बैंकको सम्पूर्ण शेयरहरु साधारण शेयरले बनेको हुँदा हाल अग्राधिकार शेयर सम्बन्धी व्यवस्था गरिएको छैन । सो शेयर सम्बन्धी व्यवस्था गर्नु परेको खण्डमा प्रचलित कानूनको अधिनमा रही राष्ट्र बैंकको स्वीकृति लिई अग्राधिकार शेयर जारी गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सकिनेछ ।

२९. **संचालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था** : (१) संचालकले पाउने मासिक पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा देहाय बमोजिम हुनेछ :-

(क) दैनिक कार्य संचालनमा कार्यकारी प्रमुखको हैसियतले प्रत्यक्ष रुपमा संलग्न संचालकले मात्र संचालक समितिले निर्धारण गरे बमोजिमको मासिक पारिश्रमिक पाउने छ ।

(ख)[१६] सञ्चालक समिति तथा उप-समितिको बैठकमा उपस्थित भए वापत अध्यक्षले पाउने बैठक भत्ता रु. १८,०००/- (रुपैयाँ अठार हजार) र सञ्चालकले पाउने बैठक भत्ता रु. १५,०००/- (रुपैयाँ पन्ध्र हजार) हुनेछ ।

(ग)[१७] बैंकको कामको सिलसिलामा संचालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता तथा अन्य भत्ता तथा सुविधा देहाय बमोजिम हुनेछ :-

अ) दैनिक भत्ता नेपालभित्र रु. २५००/- प्रति दिन, भारतमा भारतीय रु. ६०००/- प्रति दिन, नेपाल र भारत वाहेकका अन्य सार्क मूलुकमा अमेरिकी डलर १२५/- प्रति दिन र अन्य मुलुकमा अमेरिकी डलर ३१५/- प्रति दिन,

आ) यातायात खर्च हवाईजहाज तथा वसबाट भ्रमण गर्दा विल बमोजिम वास्तविक लागेको खर्च,

इ) होटल खर्च: स्वदेशमा तथा विदेशमा वास्तविक लागेको विल बमोजिमको खर्च,

ई) संचालकहरुले विदेश भ्रमण गर्दा व्यवसाय प्रवर्धन वापत विल भर्पाई पेश गर्नु नपर्ने गरी देहायको रकम पाउने छन् । भारतमा भारतीय रुपैया १५,००० नेपाल र भारत वाहेकका अन्य सार्क मूलुकमा अमेरिकी डलर ४०० अन्य मूलुकमा अमेरिकी डलर ७००

ए) भैपरी आउने विविध खर्च (टैक्सी, टेलिफोन, एक्सेज बैगेज आदि) वापत विल भपाई पेश गर्नु नपर्ने गरी देहायको रकम पाउने छन । भारतमा भारतीय रुपैया ५००० नेपाल र भारत बाहेक अन्य सार्क मूलुकमा अमेरिकी डलर १५० अन्य मूलुकमा अमेरिकी डलर ३००

(घ) साधारण सभाले विशेष प्रस्ताव पारित गरी बैंकमा पूरा समय काम गर्ने संचालकहरु वा कार्यकारी प्रमुखलाई प्रोत्साहन दिन बैंकले तिर्नुपर्ने आयकर तिरिसकेपछि बांकी रहेको मुनाफाको तीन प्रतिशतमा नबढाई पुरस्कार दिन सक्नेछ । तर प्रचलित कानून अनुसार अन्तिम रुपमा आयकर निर्धारण हुंदा बैंकले थप आयकर तिर्नुपर्ने भएमा बैंकले त्यस्तो थप करको रकम पुरस्कार प्राप्त गर्ने संचालकहरुबाट निजहरुले पुरस्कार बापत प्राप्त गरेको रकमको हदसम्म समानुपातिक रुपमा निजहरुबाट असुल उपर गरी लिनेछ ।

---

१६. अठारौं साधारण सभाबाट संशोधित । संशोधन पहिले संचालक समिति तथा उप-समितिको बैठकमा उपस्थित भए वापत अध्यक्षले पाउने बैठक भत्ता रु. १३,०००/- (रुपैयाँ तेह्र हजार) र संचालकले पाउने बैठक भत्ता रु. ११,०००/- (रुपैयाँ एघार हजार) हुनेछ ।

१७. बाह्रौं संशोधनवाट संशोधित । संशोधन पहिले "बैंकको कामको सिलसिलामा संचालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता तथा अन्य भत्ता तथा सुविधा देहाय बमोजिम हुनेछ :- ।

अ) दैनिक भत्ता नेपाल अधिराज्य भित्र रु. २००० प्रति दिन
भारतमा भारतीय रु. ६००० प्रति दिन
नेपाल र भारत वाहेकका अन्य सार्क मूलुकमा अमेरिकी डलर १२५ प्रति दिन
अन्य मुलुकमा अमेरिकी डलर ३१५ प्रति दिन

इ) होटल खर्च: स्वदेशमा प्रति दिन रु. २५०० सम्मको विल बमोजिमको खर्च र विदेशमा विल बमोजिमको वास्तविक लागेको खर्च

(ङ)[१८] अन्य सुविधा साधारण सभाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

(अ) सञ्चालक समितिका अध्यक्षलाई आवश्यकता अनुसार कार्यालय प्रयोजनका लागि सवारी साधन उपलब्ध गराईने र अन्य खर्च (टेलिफोन/मोबाईल खर्च तथा पत्रपत्रिका) बापत मासिक रु.१४,०००/- प्रदान गर्ने ।

(आ) सञ्चालक समितिका अन्य सदस्यहरुलाई परिवहन खर्च, टेलिफोन/मोबाईल खर्च तथा पत्रपत्रिका बापत प्रतिमहिना रु.१४,०००/- प्रदान गर्ने ।

(२) संचालकले यस नियममा लेखिए देखि बाहेक कुनै व्यक्तिगत फाइदा वा सुविधा लिएको पाइएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून बमोजिम कसुर गरेको मानी त्यस्तो रकम निजबाट असुल उपर गरिनेछ ।

३०. **बैंकको छापको प्रयोग :** (१) बैंकको छाप कार्यकारी प्रमुखको मातहतमा रहनेछ, जसको प्रयोग बैंकको कारोबारको प्रयोजनको लागि गरिनेछ । निजले बैंकका अन्य कर्मचारीहरुलाई छापको प्रयोग गर्ने गरी जिम्मेबारी सुम्पन सक्नेछ ।

(२) बैंकको छाप अनाधिकृत रुपमा प्रयोग गरी बैंकलाई कुनै दायित्व श्रृजना भएमा सो छाप जिम्मा लिने व्यक्तिबाट त्यस्तो दायित्व वापत श्रृजना हुने रकम असुल उपर गरिनेछ ।

३१. **बैंकको लेखा, हिसाव किताव र लेखापरीक्षण** : (१) बैंकले आफ्नो हिसाव किताव, खाता, वही, श्रेस्ता, लेखाको अभिलेख यथार्थ र दुरुस्त रुपमा प्रतिबिम्बित हुने गरी प्रचलित कानून अनुसार अधिकार प्राप्त निकायले लागू गरेको लेखामान (एकाउण्टिङ्ग स्ट्याण्डर्ड) अनुरुप अद्यावधिक रुपमा राख्नु पर्नेछ र यस्तो लेखा नेपाल राष्ट्र बैंकले अन्यथा स्वीकृति दिएकोमा बाहेक आफ्नो रजिष्टर्ड (केन्द्रीय) कार्यालयमा राख्नेछ ।

(२) बैंकले आफ्नो वासलात र नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण लगायतका अन्य वित्तीय विवरण नेपाल राष्ट्र बैंकले तोकिदिएको ढाँचा र तरिका अनुरुप राख्नेछ।

(३) बैंकले आर्थिक वर्ष समाप्त भएको पाँच महिनाभित्र वासलात, नाफा-नोक्सान हिसाव र नगद प्रवाह विवरण लगायतका अन्य वित्तीय विवरण नेपाल राष्ट्र बैंकले तोकिदिएको ढाँचा र तरिका अनुसार तयार गरी आफ्नो हिसाव किताबको लेखापरीक्षण गराउने छ । यस्तो वित्तीय विवरणमा कम्तिमा दुई जना संचालक, कार्यकारी प्रमुख र लेखापरीक्षकको सही भएको हुनु पर्नेछ ।

(४) लेखापरीक्षकको नियुक्ति बैंकको साधारण सभाबाट हुनेछ । तर प्रथम साधारण सभा हुनुभन्दा अघि संचालक समितिले लेखापरीक्षक नियुक्ति गर्नेछ र एउटै लेखापरीक्षकलाई लगातार तीन पटक भन्दा बढी अवधिको लागि नियुक्त गर्न सकिने छैन ।

(५) साधारण सभाले उपनियम (४) बमोजिम लेखापरीक्षक नियुक्ति गर्दा नेपाल राष्ट्र बैंकले स्वीकृत गरेको लेखापरीक्षकको सूचीमा समावेश रहेका लेखापरीक्षक मध्येबाट गर्नु पर्नेछ र त्यसरी नियुक्त भएको मितिले १५ दिनभित्र निजको नाम नेपाल राष्ट्र बैंक र कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाउनु पर्नेछ ।

(६) उपनियम (३) बमोजिमको अवधिभित्र लेखापरीक्षण गराउन नसकेमा बैंकले मनासिव कारण सहित म्याद थपको लागि नेपाल राष्ट्र बैंकमा अनुरोध गर्नु पर्नेछ र यस्तो थप अवधि बढीमा तीन महिनाको हुनेछ ।

---

१८. अठारौ साधारण सभाबाट थप गरिएको । संशोधन पहिले अन्य सुविधा साधारण सभाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

(अ) संचालक समितिका अध्यक्षलाई आवश्यकता अनुसार कार्यालय प्रयोजनका लागि सवारी साधन उपलब्ध गराईने र अन्य संचालक समितिका सदस्यलाई परिवहन खर्च वापत प्रति महिना रु. ६,०००/- प्रदान गर्ने ।

(आ) संचालक समितिका सम्पूर्ण सदस्यहरुलाई टेलिफोन/मोबाईल खर्च बापत प्रतिमहिना रु.३,०००/- प्रदान गर्ने ।

(इ) संचालक समितिका सम्पूर्ण सदस्यहरुलाई पत्रपत्रिका बापत मासिक रु.२,०००/- प्रदान गर्ने ।

(७) लेखापरीक्षकले आफूले गरेको लेखापरीक्षण प्रतिवेदनको एक/एक प्रति बैंक र नेपाल राष्ट्र बैंकमा पेश गर्नु पर्नेछ । बैंकले त्यस्तो प्रतिवेदनको प्रतिलिपि वार्षिक साधारण सभाको सूचनासँग संलग्न गरी प्रत्येक शेयरधनी र कम्पनी रजिष्ट्रारको कार्यालयमा समेत प्रचलित कानून बमोजिम पठाउनु पर्नेछ ।

(८) लेखापरीक्षण सम्बन्धी अन्य व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून तथा कम्पनी कानून अनुरूप हुनेछ ।

(९) बैंकको अद्यावधिक हिसाव किताव कुनै शेयरधनीले हेर्न चाहेमा यथाशीघ्र हेर्न दिनु पर्नेछ ।

३२. **लेखापरीक्षण समिति सम्बन्धी व्यवस्था** : बैंकले कम्पनी सम्बन्धी प्रचलित कानून र नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशनको अनुकूल हुने गरी लेखापरीक्षण समितिको व्यबस्था गर्नेछ ।

३३. **ऋण वा डिवेञ्चर सम्बन्धी व्यवस्था** : बैंकले डिवेञ्चर उठाउँदा नेपाल राष्ट्र बैंकको स्विकृति लिई प्रचलित कम्पनी कानूनको अधिनमा रही गर्नेछ ।

३४. **बैंक गाभिने कुरा** : यस बैंकमा कुनै अर्को बैंक/वित्तीय संस्थालाई वा यस बैंकलाई कुनै अर्को बैंक/वित्तीय संस्थामा गाभ्न आवश्यक भएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून र कम्पनी सम्बन्धी कानून बमोजिमको प्रक्रिया पूरा गरी गाभ्न सकिनेछ ।

३५. **लाभांश सम्बन्धी व्यवस्था** : (१) लाभांश वितरण गर्ने निर्णय भएको पैंतालिस दिनभित्र वितरण गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम लाभांश वितरण नगरेमा दश प्रतिशतका दरले लाभांशको व्याज समेत दिनु पर्नेछ ।

(३) बैंकले प्रचलित कानूनको अधिनमा रही नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम अन्तरिम लाभांश वितरण गर्न सक्नेछ ।

(४) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि वैंकले शेयर बापत माग गरेको रकम चुक्ता नगर्ने शेयरधनीलाई सो हदसम्म निजको लाभांश रोक्का राख्न सक्नेछ ।

